# कुमाल जातिको शैक्षिक अवस्था

**(गुल्मी जिल्ला तुराङ गा.वि.स. वडा नं. ७ मा बसोवास गर्ने कुमाल जातिको एक समाजशास्त्रीय अध्ययन)**

**त्रिभुवन विश्वविद्यालय, मानविकि तथा समाजिकशास्त्र सङ्कायअन्तर्गत**

**स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको**

**लागि तयार पारिएको**

## शोधपत्र


**प्रस्तुतकर्ता**

**थानीश्वर अर्याल**

**क्याम्पस रोल नं.: ३८४**

**रजिष्ट्रेसन नं.:९-१-२९-६५५-२००३**

**सिम्वोल नं.:२८३२१४**

**समाजशास्त्र केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौं**


**२०७३**


कुमाल जातिको शैक्षिक अवस्था थानीश्वर अर्याल २०७३

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**विश्वविद्यालय क्याम्पस**

**कीर्तिपुर, काठमाडौं**

**सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नका निमित्त मेरा निर्देशनमा **थानीश्वर अर्याल**ले "**कुमाल जातिहरूको शैक्षिक अवस्थाः गुल्मी जिल्ला तुराङ्ग गा.वि.स.वडा नं.७ को एक समाजशास्त्रीय अध्ययन**" शीर्षकको शोधपत्र तयार गरेको प्रमाणित गर्दै उक्त शोधपत्रको अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मितिः २०७३/१२/८

..............................

सह.प्रा.डा.टीकाराम गौतम

शोध निर्देशक

समाजशास्त्र केन्द्रीय विभाग

विश्वविद्यालय क्याम्पस

कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**विश्वविद्यालय क्याम्पस**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहका निम्ति **थानीश्वर अर्याल** द्धारा तयार पारिएको शोधपत्र "**कुमाल जातिहरूको शैक्षिक अवस्था : गुल्मी जिल्ला तुराङ्ग गा.वि.स.वडा नं. ७ को एक समाजशास्त्रीय अध्ययन'** स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

विभागीय प्रमुख ..............................

प्रा.डा. तुलसीराम पाण्डे

बाह्य निरीक्षक .............................

उप.प्रा.प्रेमबहादु चलाउने

शोध निर्देशक ............................

सह-प्रा.,डा.टीकाराम गौतम

मिति : २०७३/१२/१५

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु सह.प्रां.डा. टीकाराम गौतमको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफ्ना विविध कार्य व्यस्ततालाई पर्वाह नगरी आफ्ना अमूल्य समय निकाली निर्देशन, सुझाउ तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख प्रा. डा. तुलसीराम पाण्डेप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसैगरी मधुसुदन सुवेदी, डा. सन्ध्या वस्नेत, सुरेन्द्र मिश्र एवम् सम्पूर्ण गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने समाजशास्त्र केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि.केन्द्रीय पुस्तकालय, काठमाडौँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याईपुऱ्याउने पिता झविलाल अर्याल तथा माता टोपकला अर्याल, आदरणीय दाजु टेकनारायण अर्याल तथा भाई रमेश अर्यालप्रति आजीवन ऋणी छु । मेरा सामाजिक तथा व्यवहारिक पक्षलाई मध्यनजर गर्दै मलाई यो ठाउँसम्म पुऱ्याउनु हुने दिदी द्रौपती अर्याल तथा भिनाजु सह.प्रा. डा. गोविन्दप्रसाद शर्मा ( सुकुम शर्मा) प्रति आभार व्यक्त गर्दछु । त्यसैगरी प्रस्तुत शोधकार्य गर्ने क्रममा ज्ञानी भई सहयोग गरेकामा मेरा साना भान्जीहरु सृजा र रिजु शर्मालाई धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी मेरा साथी विजय भट्टराई, प्रदीप सुवेदी, नवीन यादवलाई धन्यवाद छ । त्यसैगरी यस शोधपत्र तयार गर्ने क्रममा शुद्धसँग टङ्कन तथा सेटिङ्ग गरिदिने नेचर कम्प्युटर सेन्टर, नयाँबजार कीर्तिपुरकी निर्मला बाँस्कोटाप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि त्रि.वि. समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मितिः २०७३ /१२/८

..........................
थानीश्वर अर्याल
समाजशास्त्र केन्द्रिय विभाग

## विषय सूची

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञताज्ञापन**

**विषय सूची**

**तालिका सूची**

पृ.सङ्.

**अध्याय एक**
**अध्ययनको परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ८

१.३ अध्ययनका उद्देश्य १०

१.४ अध्ययनको प्रश्नावली ११

१.५ अध्ययनको सीमा ११

१.६. अध्ययनको सङ्गठन ११

**अध्याय दुई**

**साहित्यको समीक्षा तथा साहित्यको पुनरावलोकन**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १३

२.२ पूर्वसाहित्य समिक्षा १४

**अध्याय तीन**

**अध्ययन विधि**

३.१. अनुसन्धान ढाँचा १९

३.१ अध्ययन क्षेत्रको छनोटको औचित्य १९

३.३ नमुना छनोट विधि २०

३.४ तथ्याङ्क स्रोत २०

३.४.१ प्राथमिक स्रोत २०

३.४.१.१ प्रश्नावली २१

३.४.१.२ अन्तर्वार्ता २१
३.४.१.३ अवलोकन २१
३.४.२ द्वितीय स्रोत २२
३.५ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण २२

**अध्याय चार**

**अध्ययन क्षेत्र परिचय**

४.१ जनसङ्ख्या विवरण २३
४.२ जातजाति अनुसार जनसङ्ख्या विवरण २४
४.३ लिङ्गगत जनसङ्ख्याको विवरण २४
४.४ उमेरगत विवरण २५
४.५ धर्म अनुसार जनसङ्ख्या विवरण २७
४.६ पारिवारिक सङ्रचना २८
४.७ परिवारको आकार २९
४.८ प्रमुखको आधारमा कुमाल परिवारको विवरण ३०
४.९ वैवाहिक विवरण ३१
४.१० पेसागत अवस्था ३२
४.११ जग्गाजमिनको अवस्था ३३
४.१२ अरुको जग्गा कमाउने/नकमाउने अवस्थाको विवरण ३३

**अध्याय पाँच**

**कुमाल जातिको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा**

५.१ शिक्षाको अवस्था ३५
५.१.१ शैक्षिक सङ्स्थाहरूको विवरण ३६
५.१.२ बालवालिकाको शैक्षिक विवरण ३७
५.१.३ साक्षरताको प्रमुख स्रोत ३८
५.१.४ बिद्यालयको भर्ना सम्बन्धी विवरण ४०
५.१.५ शिक्षाप्रति कुमाल जातिको धारणा ४१
५.१.६ पढाइ छाड्नाका कारण ४३

क) आर्थिक अवस्था कमजोर ४४

ख) पढाइमा असफलता ४४

ग) विवाह कारण ४५

घ) परिवारका कारण ४५

५ १.७ शिक्षामा समान अवसर र सुविधा दिने नदिने विवरण ४६

५.१.८ वैवाहिक अवस्था र शिक्षण सहभागिता ४७

५.१.९ विवाहित विद्यार्थीको शिक्षाप्रति धारणा ४८

५.१.१० उमेर अनुसार शिक्षाप्रतिको धारणा ४९

५.१.११ कुमाल समुदायमा शिक्षालाई हेर्ने दृष्टिकोण ५०

५.१.१२ शैक्षिक अवस्था कमजोर रहनका कारण ५१

५.१.१३ शिक्षामा असर पार्ने तत्व ५२

**अध्याय छ**

**सारांश र निष्कर्ष**

६.१ सारांश ५३

६.२ निष्कर्ष ५४

**सन्दर्भसामग्री**

**परिशिष्टहरू**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं.४.१ | जनसङ्ख्या विवरण | २३ |
| तालिका नं. ४.२ | जातिगत घरधुरी वितरण | २४ |
| तालिका नं.४.३ | लिङ्गगत जनसङ्ख्याको अवस्था | २५ |
| तालिका नं ४.४ | परिवार र सङ्ख्या | २६ |
| तालिका नं.४.५ | धर्मका आधारमा उत्तरदाता | २७ |
| तालिका नं. ४.६ | परिवारको आधारमा उत्तरदाता | २७ |
| तालिका नं ४.७ | घर परिवारका सदस्यहरूको विवरण | २८ |
| तालिका नं ४.८ | परिवार प्रमुखको आधारमा पारिवारिक विवरण | २९ |
| तालिका नं ४.९ | वैवाहिक अवस्थाका आधारमा कुमालको विवरण | ३० |
| तालिका नं ४.१० | पेसागत अवस्था | ३१ |
| तालिका नं ४.११ | स्वामित्वका आधारमा भुमिको विवरण | ३२ |
| तालिका नं ४.१२ | अरुको जग्गा अधियामा वा ठेक्कामा कमाउने वा नकमाउने विवरण | ३३ |
| तालिका नं. ५.१ | बालबालिकाको शैक्षिक विवरण | ३७ |
| तालिका नं. ५.२ | शैक्षिक सहभागिताको विवरण | ३८ |
| तालिका नं.५.३ | तहगत रूपमा हासिल गरेको शैक्षिक अवस्था | ४० |
| तालिका नं. ५.४ | शिक्षाप्रति परिवारको धारणा | ४२ |
| तालिका नं.५.५ | पढाइ छाड्नुका कारणहरू | ४३ |
| तालिका नं.५.६ | शिक्षामा समान अवसरका आधारमा कुमाल जातिको विवरण | ४६ |
| तालिका नं.५.७ | वैवाहिक कुमाल जातिको शिक्षामा सहभागिता | ४७ |
| तालिका नं.५.८ | विवाहित विद्यार्थीको शिक्षाप्रति धारणा | ४८ |
| तालिका नं. ५.९ | उमेर अनुसार शिक्षाप्रतिको धारणा | ४९ |

# अध्याय-एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल भू-परिवेष्ठित दक्षिण एसियाको सानो राज्य हो । जुन विश्वको ०.०३% एसिया महादेशको ०.३% र सार्क मुलुकको ३.२ % प्रतिशत भू-भाग ओगटेको छ । हाम्रो देश नेपाल २६° १२' देखि ३०° १२' उत्तरी अक्षांश र ८० ° ४' देखि ८८° १२' पूर्वी देशान्तरमा अवस्थित राज्यको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. रहेको छ । नेपाल एउटा लामो इतिहास, गौरवपूर्ण सङ्स्कृति, सङ्घर्षशील परम्परा र समृद्ध सभ्यता भएको मुलुक हो । नेपाली समाज बहुजातिय, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक समाज हो । प्राकृतिक र वातावरणीय विविधताहरूले नेपाल भु-खण्डको भौतिक परिस्थितिलाई विशिष्ट सङ्रचना प्रदान गरेको छ । यस परिस्थितिले यस भु-खण्डको जैविक विविधताको विशिष्ट सङ्रचनाको निर्माणका साथै नेपाली समाजको विकासमा पनि गहिरो प्रभाव छाडेको छ । उत्पत्तिको हिसाबले यहाँ मंगोल, किराँत, आर्य, आष्ट्रिक र द्रविड जातिको वसोबास छ । (नेपालको धर्म महासम्मेलन, २०५८) । भाषिक समूहको आधारमा नेपालमा भोटबर्मेली, भारोपेली, आष्ट्रिक र द्रविड गरी चार भाषिक समूहका ९३ भाषा बोलिनुका साथै १०३ जात-जाति पनि रहेको छ । (गोरखापत्र २०७२, भदौ, १५, सोमबार पृ. ९, CBS, 20011) धार्मिक आस्थाका हिसाबले मूलतः हिन्दु (८०.०६%), वौद्ध (१०.७%), इस्लाम (४.२%), किराँती (३.६%) र इसाई (०.५%) धर्महरू रहेका छन् । यसबाहेक सङ्ख्यामा थोरै भएपनि इसाई, लामा, जैन, तथा सिख धर्म मान्नेहरू पनि छन् । (CBS, 2001)

नेपाल भू-खण्डमा मानव बसोबास अति प्राचिन कालदेखिनै अर्थात् शिकारी युगको प्रारम्भिक कालदेखि नै रहँदै आएको थियो भन्ने तथ्यहरू पुरातात्विक अन्वेशषणबाट बाहिर आइरहेका छन् । विभिन्न देशमा आदिमकालदेखि बसोबासित मानिसलाई आदिवासी मूलवासी आदीमजाति, जनजाति आदि भनेर सम्बोधन गरिन्छ । जसको भाषा, सङ्स्कृति, रीतिरीवाज पुर्णत : फरक हुन्छ (सुब्बा, २०५६ : ६२) ।

नेपालमा बसोबास गर्ने विभिन्न जात-जातिहरूलाई नेपाल सरकारले आदिबासी/ जनजाति घोषित गरेर नेपालको सङ्विधानको दफा २ को खण्ड (क) सँग सम्बन्धित गरेर ५९ जात-जातिलाई जनजातिको सूचीमा राखेर वि.सङ्. २०५८-१०-२५ गतेमा आदिवासी/ जनजाति राष्ट्रिय प्रतिष्ठान व्यवस्था ऐन २०५८ समेत लागु गरेको छ ( आदिवासी/जनजाति सम्बन्धी व्यवस्था, राष्ट्रिय योजना आयोग, २०५८) जसमा कुमाललाई अति सिमान्तीकृत जनजाति मानिएको छ । यो एक अल्पसङ्ख्यक जनजातिय समूह हो । सन् २०६८ को जनगणनाअनुसार पूर्व देखि पश्चिम गण्डकी नदीसम्म तथा महाभारत पर्वतदेखि गंगा नदीसम्म कुमालको बसोबास रहेको छ ।

कुमाल जातिको इतिहासलाई हेर्ने हो भने मानिसले कृषि कार्य गरी व्यवपस्थीती ग्राम्य जीवनको शुरुवात गरेदेखि अर्थात नवपाण काल देखि नै पेसागत रूपमा यिनको अस्तित्व समाजमा रहेको थियो भन्ने कुरामा दुई मत नहोला । मानिसलाई अन्न जम्मा गर्न, खाना पकाउन खान र पिउन आदि विभिन्न प्रयोजनका निम्ति भाषाको आवश्यकता पर्‍यो र उसले सजिलै प्राप्त हुने माटोलाई त्यसको माध्यम वनाइयो यस्ता पेसागत रूपमा शीपहरूमा विस्तार हुँदै गयो र समाजमा माटोको भाँडा वनाउने दक्ष तथा सीपालु व्यक्तिहरूको अलग समुदायको रूपमा विकास भयो । जसलाई कुम्भकार (सङ्स्कृत) भनियो । यदि शव्द अप्रभ्रशं भई कुमहार, कुम्हाल, कुम्हाले र कुमाल वन्न गयो । (मदन कुमार रिमाल, (२०५६) कुमाल जातको अध्ययन एसियाली अनुसन्धान केन्द्र त्रि.वि.वि) ।

कुमालहरू खास गरी (Bioresource) ले सम्पन्न रहेको ठाउँ, खोला र जङ्गल नजिक बस्दछन् । दनुवार माझी भन्दा यिनीहरू बढी मंगोलियन आकृतिका देखिन्छन् । कुमाल र बरामुको भाषा प्रस्ट रूपमा (Tibeto/Burman) तिब्बर्मेली समूहको हो भनी छुट्याउन सकिन्छ ।

कुमाल जाति नेपालमा बस्दै आइरहेका पिछडिएका आदिवासी हुन् । कडा परिश्रम गर्ने मिहिनेती, मिलनसार यी कुमाल जातिहरू परम्परा देखि नै माटाका भाँडाहरू बनाई गाउँ घर एवं नजिक पर्ने बजार क्षेत्रमा बेची आफ्नो जीविका निर्वाह गर्दै आईरहेका छन् ।

यी कुमाल जातिको नामाकरण (उत्पत्ति) सम्बन्धमा कुनै भरपर्दो जानकारी नपाईए तापनि यस सम्बन्धी विभिन्न मत मतान्तर पाइन्छन् ।

कुमालहरूको भाषा, सङ्स्कृति, रहनसहन आदि थारुहरूसँग मिल्नुको साथै यिनीहरू मंगोलियन आकृतिका देखिएकाले साथै यिनीहरू थारुहरूसँग निकट रहेकाले थारुहरूबाट बेग्लिएका हुन् कि भन्ने मत पाइन्छ (रिमाल, २०५४) ।

सङ्स्कृत भाषामा माटाको भाँडोलाई कुम्भ र यसको निर्माणकर्तालाई कुम्भकार भनेबाट कर्म अनुसार (कार्यअनुसार) यिनीहरू कुम्भकार हुँदै कुमाल हुन गएको हो भन्ने मत पाइन्छ ( हिन्दु धार्मिक ग्रन्थ विश्राम सगर)

- दयानन्द श्रीवास्तव सलले कमाले शब्दको उत्पत्ति कुम्भकार-कुलार-कुमाल भएको हो भनी उल्लेख गरेका छन् । भोजपुरी एवं पोटे भाषामा कुलार शब्द अझ प्रचलित नै छ ।

- हिन्दू धर्म ग्रन्थ श्रीमद्भागवत गीतामा "चातुवरार्थ मया सृष्टं गुण कर्म विभागत" भनेबाट कुमालहरूले माटाका भाँडा बनाउनाले नै उनीहरू कुमाल भनिएको हो । अर्थात् समाजमा रहेका व्यक्तिहरूको गुण र तिनले गर्ने कार्यको प्रकृति अनुसार मैले ( कृष्णले) समाजलाई चार वर्णमा विभाजित गरे भन्ने कुराबाट यो प्रमाणित हुन्छ ( श्रीमद्भागवत गीत) ।

- त्यस्तै डोरबहादुर विष्टले देखावटीमा दनुवार, माझी, बोटे दराई एवं थारुसँग निटस्थ रहेका यिनीहरूको भाषा, रहन-सहन, सङ्स्कृति व्यवहारमा मिल्दो जुल्दो रहेकाले कुमाल जाति तराईमा रहने एक जातका हाँगा भनेका छन् (सवै जातको फूलवारी) ।

**थर एवं आगमन**

कुमालहरूका विभिन्न प्रकारका थर रहेका पाइन्छन् । कुमालहरूको थर नामकरण गर्दा कतिपय पुरानो वासस्थान अनुसार समेत थर नामाकरण गरेको पाइन्छ । यस सम्बन्धमा (शर्मा, पौडेल - १९८६) बताए अनुसार जस्तै :- गुल्मीको चन्द्रकोटबाट आएका कुमालहरू आफ्नो थर चन्द्रकोटी रहेको बताउँछन् भने प्युठानबाट आएकाले प्युठानी, अर्घाखाँचीबाट आएका कुमालहरूले अर्घोली हुन गएको भन्ने भनाइ छ । यसरी कसैको आफ्नो पुरानो थर हुन्छ भने कसैको वासस्थान अनुसार थर रहेको पाइन्छ । जस्तै :- घर्ती,

दहित, राजपुत, मगराने, सापकोटे, थापा खत्री, चापकोटे, बाफ्ककोटे, अर्घोली, राना, सिमान, ठकुरी, आदि रहको पाइन्छ ।

तर यस गा.वि.स.अन्तर्गत बसोबास गरेका पर्सेनीका कुमालहरूको घर्ती, थापा, सिमाल ठुकुरी, योगी चार थरहरू रहेका पाइन्छन् । तर यिनीहरूले आफ्नो नाम पछाडि थर नलेखी कुमाल नै लेख्ने गरेको पाइन्छ किन भनी प्रश्न गर्दा पूरापूर्व देखि नै थर नलेखेकाले उनीहरूले सोही कार्य अनुशरण गर्दै आइरहेको बताउँछन् ।

यस गा.वि.स. अन्तर्गत बसेका कुमालहरू आगमनबारे सोधपुछ गर्दा यहाँका वयोवृद्ध व्यक्ति धनबहादुर कुमाल, विजय कुमाल, विष्णुमाया कुमाल, प्रेम कुमालसँग सोध्दा हाम्रा पुर्खा कहाँबाट आए भन्ने कुरा एकिन नभएपनि सयौ वर्ष अगाडिदेखि यस ठाउँमा कुमाल जातिको वसोवास रहेको कुरा हाम्रा बाजे बराजुले भन्दै आएका छन् भनी बताउँछन । त्यस्तै कुमालहरूको आगमनबारे वयोवृद्ध छविलाल उपाध्ययायलाई सोध्दा उहाँले आफ्ना पुर्खा आउनुअघि कुमालहरू यहाँ आई बसीसकेको बताउनु हुन्छ । उहाँको नवौं पुस्ता भएकोले यी कुमालहरूको ११-१२ पुस्ता भएको हुनुपर्छ । यिनीहरू यहाँ थोरै सङ्ख्यामा बसेको हुनुपर्दछ । किनभने अहिले सम्म उनीहरूको घर १३० मात्र रहेकोले यो कुराको पुष्टि गर्दछ ।

यसैगरी यस तुराङ् गा.वि.स. का विमल राना कुमालसँग किन कुमालहरूले माटाका भाँडा बनाउन छाडेर माछा मार्ने पेसा अपनाएको भन्ने प्रश्नमा उनी भन्छन् , माटाका भाँडा बनाउन मिहिनत बढी चाहिने, भाडाहरू समयमा विक्री नहुने, तथा आधुनिक भाँडाहरूको प्रयोग बढी हुन थालेकाले यस पेसाबाट आर्थिक सङ्कट नटर्ने भएकाले कुमालहरूले माछा मार्ने पेसा अपनाएको पाइन्छ ।

एउटा बेग्लै मौलिक सङ्स्कृति जोगाई राखेको जातिमध्ये कुमाल एक हो । जसले परम्परागत रूपमा माटामा भाँडा तयार पार्ने गर्दछ । जसको आफ्नै मूल्य-मान्यता, सङ्स्कृति, भाषा, रीतिरिवाज रहेका पाइन्छ । आजभोलि उनीहरू सिमित ठाउँमा रहेका छन् । नेपालको जनगणना २०६८ अनुसार उक्त जातिको जनसङ्ख्या ७६६३५ (०.४१%) रहेका छन् ।

कुमालहरू मंगोलियन भए तापनि उनीहरूको आफ्नै सङ्स्कृति छ । तर पनि उनीहरू हिन्दु सामाजिक सङ्स्कारलाई अपनाउँदै जान थालेका छन् । यसरी हिन्दुहरूको सामाजिक, सङ्स्कृति, सङ्स्कारको प्रभाव पर्नुको साथै आधुनिकीकरण आदि कारणहरूले उनीहरूले गर्दै आएको परम्पारगत पेसालाई छोडी अन्य पेसा अँगाल्न थालेका छन् ।

हाल गुल्मी जिल्लाको तुराङ् गा.वि.स वडा नं. ७ मा मात्र कुमालको वस्ती छ । कुमाल जाति पनि पिछडिएका जनजाति मध्ये एक हो । जसको जनसङ्ख्या ७६६३४ (०.४१ प्रतिशत) छ । जसमा पुरूष ३७५५९ (४९.०१%) र महिला ३९०७६ (५०.९९%० रहेका छन् । (स्रोत, केन्द्रीय तथ्याङ्क विभाग, २०६८) कुमालहरू देशको विभिन्न क्षेत्रमा छरिएर रहेको पाइन्छ । यसै क्रममा गुल्मी जिल्लामा समेत उक्त जाति रहेको पाइन्छ । कुमालहरूका आ-आफ्नै मौलिक सङ्स्कृति, भाषा, रीतिरिवाज, सामाजिक, आर्थिक सङ्गठन रहेका छन् । उनीहरूले पेसागत रूपमा परम्परा देखि नै माटाका भाँडाहरू वनाउँदै बिक्री गर्दै आइरहेका छन् ।

नेपालको कुल जनसङ्ख्याको २५.२ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन् (के.त.वि.२०६८) । परिवारका कमजोर आर्थिक स्थितिका कारण ठूला केटाकेटीले घर र साना बच्चाबच्चीको रेखदेख गर्नुपर्दछ । फेरी साँझ विहान छाक टार्न मुस्किल पर्न ति थारु समुदायका परिवारलाई स्कुलको खर्च व्यहोर्न पनि गाह्रो पर्दछ फलतः ती परिवारका केटाकेटी शिक्षाबाट बञ्चित हुन्छन् । यसरी कसीने गरीबी र अशिक्षाका कारण बालबालिकाहरू विद्यालय शिक्षाबाट बञ्चित हुन्छन् । यसमा पनि कुमाल समुदायका जातिहरू शिक्षाबाट धेरै वञ्चित भएको पाइन्छ (लामिछाने, २०६६) ।

देशमा गरिबी र बालश्रम शोषण बाद्यक बन्न पुग्छ जसको उदाहरण नेपालमै विभिन्न दलित जातिहरूको उदाहरण हामी देख्न सक्दछौ । कुमाल समुदायका शैक्षिक अवस्था कमजोर हुनुका केही विशिष्ट कारण छन् भन्ने मान्यता यो शोध पत्रको हो । त्यो विशिष्ट कारणले आधार हो अशिक्षा जुन अन्य जातिमा र अन्य क्षेत्रमा पनि पाउन सकिन्छ । त्यसैले अन्य समुदायमा भन्दा यस समुदायमा शैक्षिक अवस्था त्यससङ्ग सम्बन्धित कारण खोज्ने विषयमा यो अनुसन्धान केन्द्रित छ । नेपालमा शिक्षाको सुरुवात प्राचीन समय देखि नै भएको थियो । जुन बेला धार्मिक शिक्षा दिने गरिन्थ्यो । आधुनिक तथा औपचारिक शिक्षाको सुरुवात भएको धेरै समय भएको छैन । कुमालहरू पहिले पनि धार्मिक शिक्षामा

सहभागी थिएनन् र अहिले पनि आधुनिक शिक्षामा सङ्ख्यात्मक हिसावले पछाडि नै रहेका छन् ।

शिक्षा सामाजिक परिवर्तनको वाहक हुनुका साथै सामाजिक मान्यताहरूको सङ्रक्षण र सुधारको वाहक पनि हो । शिक्षा त्यस्ता सशक्त माध्यम हो, जसबाट सभ्य समाजप्रति उत्तरदायी व्यक्तिहरू तयार गर्नुको साथै उक्त समाजको विकास तथा सुधारमा ठूला टेवा मिल्दछ (अधिकारी, २०४६) ।

नेपाल सरकार, शिक्षा मन्त्रालय "सबैका लागि शिक्षा", "जीवनपर्यन्त शिक्षा" जस्ता नारालाई वास्तविकतामा परिवर्तन गर्न र गुणात्मक वृद्धि गर्दै लैजाने उद्देश्यले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण १९९९-२००४) लागू गरेका थियो । यसले आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथमका उपलब्धीहरूको समीक्षा गरेर आगामी कार्यक्रमहरूलाई ४० जिल्लाबाट बढाई ७५ वटै जिल्लामा पुऱ्याउने लक्ष्य अनुसार क्रमशः पहिला वर्ष ४८ जिल्ला, दोस्रो वष १२ जिल्ला र तेस्रो वष बाँकी १५ जिल्लामा यो कार्यक्रम सञ्चालन गरिएको छ । समुदायमा शिक्षाप्रति जनचेतना जगाउने उद्देश्यले समुदाय परिचालन कार्यक्रम र निरक्षर जनसमूहलाई साक्षर गराउन उद्देश्यले साक्षरता कार्यक्रम सञ्चालन गरेका छन (शिक्षा, २०६०) ।

साक्षरता र सिकाइलाई प्रोत्सान र त्यस माथिको जोडले प्रोटेस्टेन्टहरू सामूहिक शिक्षाको वकालत गरेका हुन् (मेक्स वेवर, १९९९) ।

समाजशास्त्री Herbert Spence ले पूर्ण जीवनको तयारी (Complete Living ) भन्ने शिक्षाको उद्देश्यलाई विचार गर्दा यो विवादको विषय नै नबन्ने हुन्छ । किनकी पूर्ण जीवनका लागि यी दुवै पक्षको विकास अपेक्षित छ पूर्ण जीवनको तयारीका लागि शिक्षाले जीवन र रक्षा आफ्ना सन्तानहरूको पालन पोषण  राजनैतिक कुराहरू अवकाशको समय विताउने सम्वन्धी ज्ञानको विकास गराउने उद्देश्य राखनुपर्छ भन्ने भनाई उनको छ । (Introduction to Education, 2062)

मातृभाषामा शिक्षा लिन नपाउनाले ज्ञान र सीप आर्जनको क्षेत्रमा जनजाति सहभागिता मात्रात्मक र गुणात्मक दुवै दृष्टिबाट पछि परेको धारणा जनजातिले राख्दै

आएका छन् । प्राविधिक शिक्षा पाउन नसक्नु, शिक्षित व्यक्तिहरू समेत बेरोजगार बन्नुपर्ने कारणले शिक्षामा विकर्षण पैदा भएको कुरा थारु कल्याणकारीणी सभाका गृहमन्त्री अमृतप्रसाद खाँ थारु बताउँछन् । शिक्षामा आदिवासीहरूको मौलिक ज्ञान परस्परलाई जोड्न नसक्नाले शिक्षा स्थानीय आवश्यकताभन्दा परको कृत्रिम र अनुपयोगी वनेको छ ( अधिकारी, २०५७) ।

शिक्षा र ज्ञानको आधार कल्पना नभएर तर्क र अवलोकन हो । शिक्षा विना मानिस अन्धो हुने कुरा पुष्टि गरिएको छ । जीवनको एक अंगको रूपमा शिक्षालाई लिइएको छ । शिक्षा लिएको व्यक्तिले कुनै कार्य गर्दा विचार पुऱ्याएर ध्यान लगाएर गर्ने गर्दछ भनिएको छ । (Aguust Comte, 1798-1857)

नेपालका जातजातिहरूको भौगोलिक तथा समूदाय अनुसारको भेषभूषा र चालचलन रहेको पाईन्छ । ब्राम्हण, क्षेत्री जातिहरू नेपालको हिमाली क्षेत्रमा बाहेक सवै भागमा पाइन्छ । नेपालको प्रत्येक क्षेत्रमा पहुँच भएको तथा उन्नत रूपमा उनीहरूलाई लिने गरिन्छ भने जनजातिहरू तथा दलितहरूलाई पिछडिएको वर्गमा लिने गरिन्छ (विष्ट, २०५६) ।

नेपालका दलित, जनजातिहरू को -को हुन् र तिनीहरूको सामाजिक र आर्थिक अवस्था केकस्तो छ भन्ने सम्बन्धमा केही विद्वान्हरूले दिएको विशेषतालाई केलाउदा दलित जनजातिहरू भनेको आदिवासी नै हुन् भन्न सकिन्छ । यस्ता जनजातिको विशेषताबारे अध्ययन गर्दा के देखिन्छ भने सामुदायिक जीवन पद्धति वा आफ्नै समुदाय भित्रको नातागोता र विहेबारीको आधारमा बनेको र छुट्टै भाषा, सङ्स्कृति, धर्म भएको समाजलाई जनजातिय समाज भनिएको छ । जातिय चरित्र जस्तो भए तापनि कतिपय दलित जनजातिहरूमा गतिशीलता पाइन्छ । कतिपय जातिहरूमा ब्रह्मण, क्षेत्री, खस, ठकुरीको प्रभाव परी आफ्नो मूल सङ्स्कृतिलाई विस्तारै छोड्दै गएको पाइन्छ ।

पश्चिमका गुरुङ मध्यभागका तामाङ र चेपाङ दक्षिणका थारु र दरै पूर्वका लिम्बू र झागड जस्ता जनजातिहरूमा सामाजिक जीवन एकनास देख्न सकिँदैनन् कतिपय जनजातिहरूले आफ्नो प्राचीन सङ्स्कृति छाडेर अर्काको सङ्स्कृति ग्रहण गरेको पाइन्छ । जस्तैः राई, लिम्बू, गुरुङ, मगर, थारु आदिले हिन्दू ब्राम्हमणबाट धार्मिक कार्य गराउन

थाल्नु पनि यसको उदाहरण हो । त्यसै गरी सामाजिक र आर्थिक स्तर माथि उठेपछि कतिपय जातिहरूले आफ्नो कतिपय चरित्रलाई त्यागेको पनि पाइन्छ । कतिपय थकालीहरू आफूलाई भोटे मूलको भन्न पनि गाह्रो मान्दछन् र ठकुरी भन्न रुचाउँछन् भने तराइका थारु र धिमाल सङ्स्कृति हिन्दूकरण भैसकेको जाति छन् । यसरी जातिय गतिशीलताले गर्दा कतिपय लातिहरू लोप हुने अवस्थामा छन् जस्तै : राउटे, गनगाडे, चेपाङ्ग आदिले आफ्नो जातिय सङ्स्कृतिलाई छोडेर वंश नै गुमाउने स्थितिमा छन् ।

यसै परिप्रेक्ष्यमा भौगोलिक क्षेत्रका रूपमा विभाजित नेपाललाई बसोबासको हिसाबले हिमाली, पहाडी र तराई गरी तीन क्षेत्रमा विभाजन गरेको पाइन्छ । खास गरेर हिमाली क्षेत्रमा शेर्पा, थकाली पहाडी क्षेत्रमा ब्रह्ममण, क्षेत्री, राई, लिम्बू, तामाङ्ग, चेपाङ्ग, मगर र तराई क्षेत्रमा थारु, धिमाल, मुसहर, यादव, चमार, माझी आदि जातिहरूले बसोबास गरिरहेको पाइन्छ (बिष्ट, २०५६) ।

मानव समाज आदिमकालमा आपसी सद्भाव एवम् कुनै किसिमको भेदभाव मुक्त बिल्कुलै साम्यवादी व्यवस्था रहेको पाइन्छ । त्यतिबेला जहाँ वर्ण तथा जातपातजस्ता कुरा थिएनन् । भारतमा ई.पू. ४०० तिर जन्मिएको जातिय छुवाछुत नेपालको तराई प्रदेश हुँदै हुँदै उपत्यकासम्म पहाडी भू-भागमा फैलियो, जुन मध्यकालमा (ई.सङ्.८७९-१७८६) खुब विकसित भयो । खास गरी काठमाडौंका राजा जयस्थिति मल्ल (ई.सङ्. १३६०-९५) ले तत्कालीन नेपाली समाजलाई ४ वर्ण र ३६ जात तथा ७२५ उपजातहरू कायम गराए अनि ब्राह्मण गुरु पुरोहितहरूको ईशारामा यो जातपात एवम् छुवाछुत प्रथालाई सामाजिक कानुनको रूपमा यहाँ लाद्ने काम गरे (केसी २०५९)

### १.२ समस्या कथन

प्रस्तुत अध्ययनमा अध्ययन क्षेत्रका लागि हाल गुल्मी जिल्लाको तुराङ् गा.वि.स. वडा नं.७ लाई लिइएको छ । नेपालको केन्द्रीकृत राज्यको सङ्रचनाले नेपाली समाजमा ल्याएका विभिन्न सामाजिक जटिलता र त्यसले उत्पन्न गरेका समस्याहरूमध्ये सामाजिक भेदभाव पनि एक हो । वि.सङ्. २०४६ सालको जनआन्दोलन (भाग १) पश्चात प्रजातन्त्रको पुनः स्थापना र २०६२/६३ को जनआन्दोलनले देशमा खुलापनको नीति स्वीकार गरे । यस खुल्लापनको कारण विदेशी राष्ट्रहरू र त्यहाँका सङ्घसङ्स्था एवम्

अन्तर्राष्ट्रिय सङ्घसङ्स्थाहरूले विभिन्न पिछडिएका एवम् राष्ट्रको मूल प्रवाहबाट अलग समूहहरू जस्तै गरिब, दलित, जनजातिहरूको आर्थिक, शैक्षिक विकासमा सांस्कृतिक सङ्रक्षणका निम्ति गैरसरकारी सङ्घसङ्स्था मार्फत विभिन्न कार्यक्रमहरू ल्याउन थाले । यसै सन्दर्भमा पहाडमा बसोबास गर्ने जनजातिहध्यको शैक्षिक पक्षको विकासमा पनि विभिन्न सङ्घसङ्स्थाहरूले दात्री राष्ट्रहरूको सहयोगमा विभिन्न कार्यक्रम सङ्चालन गर्दै आएका देखिन्छ ।

गुल्मी जिल्लाको तुराङ्ग गा.वि.स वडा नं. ७ मा रहेका कुमाल जाति पनि पिछडिएका जनजाति मध्ये एक हो । जसको जनसङ्ख्या ७६६३४ (०.४१ प्रतिशत) छ । जसमा पुरूष ३७५५९ (४९.०१%) र महिला ३९०७६ (५०.९९%० रहेका छन् । (स्रोत, केन्द्रीय तथ्याङ्क विभाग, २०६८) कुमालहरू देशको विभिन्न क्षेत्रमा छरिएर रहेको पाइन्छ । कुमालहरूका आ-आफ्नै मौलिक सङ्स्कृति, भाषा, रितिरिवाज, सामाजिक, आर्थिक सङ्गठन रहेका छन् । उनीहरूले पेसागत रूपमा परम्परादेखि नै माटाका भाँडाहरू बनाउने लगायत खोलामा माछा मार्ने पेसा पनि अपनाउँदै आएको पाइन्छ । तर पनि उक्त जाति अन्य जातिको दाँजोमा कम मात्रामा अध्ययन हुनाले उक्त जातिका बारेमा कमैलाई पूर्ण जानकारी छ । त्यसैले यस अध्ययनलाई यहाँ समस्या कथानका रूपमा लिइएको छ । उक्त जातिको जनसांख्यिक जानकारीका साथै शैक्षिक कमजोरी पत्ता लागउनका लागि यस अध्ययनको मुलभूत समस्या रहेको छ । यसैगरी अध्ययन क्षेत्रका कुमालहरूको शैक्षिक विकासमा आइपर्ने बाधक तत्वहरू के के हुन् समाधान गर्न र शैक्षिक अवस्थालाई अगाडी ल्याउने उपाएहरू पत्ता लगाउँनु यस अध्ययनको समस्या रहेको छ ।

यसरी यी विभिन्न सङ्घसङ्स्थाहरूले विदेशी अनुदान एवम् आर्थिक सहायता सङ्चालन गरेका कार्यक्रमहरूको उद्देश्यप्रति राष्ट्रको मूल प्रवाहबाट अलग रहेका वर्गको आर्थिक, सामाजिक र शैक्षिक उन्नति प्रगति एवम् चेतनाको स्वर अभिवृद्धि गर्ने भए पनि उक्त कार्यमा ती सङ्घसङ्स्थाका कार्यक्रम कतिको प्रभावकारी हुन सकेका छन्? यि सङ्स्थाका कार्यक्रमहरूले ती समुदायका प्रगति गर्नुको साटो अवनति हुन पुगेको त छैन?, कार्यक्रमका सहभागिहरूमा तिनीहरूको जीवनशैलीमा कतिको सकारात्मक

परिवर्तन ल्याएका छन्?, विदेशी सङ्घसङ्स्थाहरूद्वारा सङ्चालित कार्यक्रमहरूले ति समुदायहरूमा विकासको नाममा झनझन नयाँ नयाँ समस्याहरू थपिने गरेका छन् । आफ्नो सङ्स्कृतिभन्दा विदेशी सङ्स्कृतिप्रति बढी प्रभाव बढ्नु आफ्नो जीवनशैलीमा असमान्य रूपले विलासी प्रवृत्तितिर अग्रसर हुनु, अर्को तिर सङ्घ सङ्स्थापन व्यवस्थापन द्वारा कार्यक्रमहरूलाई कागजी स्वरूपबाट सुरु गरी कागजमै सीमित राखी सम्पूर्ण रकम कर्मचारी तथा सहभागीहरूको तलब भत्तामा सीमित गर्ने प्रवृत्ति व्यापक छन् । जीवन उपयोगी र आवश्यक सीपमूलक शैक्षिक तथा गैर शैक्षिक कार्यक्रमहरूको ठाउँमा शैद्धान्तिक विषयवस्तुमा केन्द्रित हुने गरेका छन् । सहभागी समुदाय र सदस्यहरूको चाहना आवश्यकतालाई वेवास्ता गरी आफ्नोपन अर्थात आफूले दिन खोजेको कुरा सहभागीहरूमाथि जबरजस्ती थुपार्ने जस्ता प्रवृत्रिहरू देखिने गरेको परिवेशमा अध्ययनको निम्ति छनौटमा परेको कुमाल जातिमा सङ्चालित सङ्घसङ्स्था तिनका शैली कार्यक्रमहरू र ती कार्यक्रमका सहभागीहरूमा केन्द्रित गरिएको छ ।

यसरी अध्ययनकर्ताहरूले यस अध्ययनका निम्ति सङ्कटमा परेका कुमाल जाति र तिनीहरूको समुदायमा सङ्चालित विभिन्न शैक्षिक कार्यक्रम र सङ्घसङ्स्थाहरूलाई छनौट गरेको पाइन्छ । यदि समयमै यी विभिन्न सङ्स्थाहरूले सङ्चालन गरेका कार्यक्रमहरू, तिनीहरूको अवस्था तथा त्यसले ल्याएका प्रभाव तथा कुमालहरूको विकासका वाहक पक्ष शिक्षालाई आत्मसाथ गरिएन भने उनीहरूको पहिचान नै समाप्त हुने अवस्था आउने सङ्भावना व्यापक रूपमा रहेको देखिन्छ, जुन भोलिको नेपालको लागि अर्को एउटा सङ्कट उत्पन्न हुन सक्ने हुनाले यो अध्ययन शीर्षक, कुमाल जातिको शैक्षिक अवस्था एक अध्ययन औचित्यपूर्ण रहेको छ ।

### १.३ अध्ययनको उद्देश्य

यसका उद्देश्य निम्न लिखित रहेका छन् :

क) अध्ययन क्षेत्रका कुमालहरूको शैक्षिक अवस्थाको विश्लेषण गर्नु,

ख) कुमालहरूको शैक्षिक विकासमा आइपर्ने बाधक तत्वहरूको विश्लेषण गर्नु र

ग) अध्ययन क्षेत्रका कुमालहरूको शैक्षिक अवस्थालाई अगाडी ल्याउने उपायहरू पत्ता लागाउनु ।

## १.४ अध्ययनको प्रश्नावली

उपर्युक्त समस्याका कथनहरूमा केन्द्रित रही या शोधकार्य तयार गरिएको छ । हाल गुल्मी जिल्लाको तुराङ्ग गा.वि.स. वडा नं. ७ मा बसोबास गर्ने कुमालहरूको शैक्षिक स्थितिका एक समाजशास्त्रीय अध्ययन नामक शीर्षक राखी तयार पारिएका यो शोधमा अध्ययनसँग सम्बन्धित निम्न मूलभूत अनुसन्धान प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

१. अध्ययन क्षेत्रको शैक्षिक स्थिति के कस्ता अवस्थामा रहेका छन् ?

२. कुमालहरूको शैक्षिक उन्नतीलाई प्रभावित पार्ने के कस्ता तत्वहरू जिम्मेवार रहेका छन ?

३. कुमाल जातिको शैक्षिक अवस्था पछि पर्नुका कारणहरू के के हुन् ?

४. कुमाल जातिको शैक्षिक अवस्थालाई सुधार गर्ने उयाएहरू के के हुन् ?

## १.५ अध्ययनको सीमा

अध्ययन तथा अनुसन्धानहरूको आ-आफ्नै सीमा तथा कमीकमजोरी हुन्छन । यही सिमाको आधारमा अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । अनुसन्धान कार्य सदैव निश्चित अवधि, निश्चित ठाउँ र निश्चित उदेश्य प्राप्त गर्न गरिएको छ । कार्य भएको हुँदां अनुसन्धान कार्यको मूल्य, मान्यता एवं अवधारणा अवश्य हुन्छन । यस शोधपत्रमा पनि अध्ययनका लागि आवश्यक पर्ने स्रोतसाधन र समयका सिमीतताको कारण केही सीमा तथा कमजोरीहरू अवश्य रहेका छन् । खासगरी यो अनुसन्धान समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको छ । हाल गुल्मी जिल्लाको तुराङ्ग गा.वि.स वडा नं. ७ मा कुमालहरूका शैक्षिक स्थिति सम्बन्धमा मात्रै यो अध्ययन सिमित गरिएको छ भएकोले यो अनुसन्धानबाट प्राप्त हुने निष्कर्ष अन्य ठाउँका कुमालहरूको शैक्षिक स्थितिसँग दाँजेर हेर्न नमिल्ने पनि हुन सक्दछ ।

## १.६. अध्ययनको सङ्गठन

यस शोधपत्रमा छ अध्यायहरू रहेका छन् । अध्ययन एकमा अध्ययनको पृष्ठभूमि, अध्यनयको समस्या एवं कारण, अध्ययनको उद्देश्य, अध्यनयको महत्व र अध्ययनको

सीमा उल्लेख गरिएको छ । अध्याय दुईमा सन्दर्भ सामग्री अवलोकन उद्धृत गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधिलाई समेटिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय उल्लेख गरिएको छ । अध्याय पाँचमा कुमाल समुदायको परिचय र कुमाल जातिहरूको शैक्षिक अवस्थाको वारेमा उल्लेख गरिएको छ । अध्याय छ निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## साहित्यको समीक्षा तथा साहित्यको पुनरावलोकन

### २.१ सम्वन्धीत साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धान एवं शोधकार्य सुरु गर्नुपूर्व सम्वन्धित सन्दर्भ सामग्रीहरूको अध्ययन र तिनीहरूको व्यापक समीक्षा गर्नुपर्ने हुन्छ । यसरी कुनै पनि विषयसँग सम्बन्धित पूर्ण खोज, अनुसन्धानको विश्लेषण र समीक्षाबाट प्राप्त अनुभवहरूलाई नयाँ अध्ययन अनुसन्धानमा उपयोग गराएमा सो अध्ययन अनुसन्धानलाई प्रभावकारी रूपबाट अगाडि बढाइ तोकिएका उद्देश्यहरू सजिलै हाँसिल गर्न सकिन्छ । तसर्थ प्रस्तुत शेधपत्रमा विषयवस्तुसँग सम्बन्धित विभिन्न पुस्तक एवं पत्रपत्रिकाहरू, सरकारी प्रतिवेदनहरू र अन्य समसामयिक लेख रचनाहरूको अध्ययन गरी तिनीहरूको पुनरावलोकन गरीएको छ ।

शिक्षाको ऐतिहासिक, दर्शनशास्त्रीय र समाजशास्त्रीय गरी ३ वटा आधार रहेका छन् । यस अध्ययनले शिक्षाको समाजशास्त्रीय अध्ययनसँग बढी सरोकार राख्ने भएकोले यसलाई मुख्य रूपमा लिइएको छ । मानिस सामाजिक प्राणी हो । कुमाल जातिको सम्वन्धमा गरीने अध्ययन समाजशास्त्रीय अध्ययन बिना अघि वढ्न सक्दैन ।

शिक्षा र समाज बीचको सम्बन्धलाई समाजशास्त्रमा अध्ययन गरिन्छ । समाजशास्त्र शब्दका प्रथम प्रयोगकर्ता Auguste Comte (1798-1857) हुन् । उनले समाजलाई विकासतिर डोऱ्याउनु नै समाजशास्त्रको मुख्य काम हो भनेका छन् । उनको भनाइ अनुसार समाज अज्ञानी हुँदा सबै घटनाको कारक ईश्वर हो भनी विश्वास गरीयो । पछि दर्शनशास्त्रको विकास भयो अन्ततः विज्ञानको अभ्युदय भएपछि तथ्य र सत्यलाई नै विश्वासको आधार बनाइयो । अतः समाजशास्त्र मानवीय विज्ञान (Human Science) पनि हो ।

समाजमा मानवीय सम्बन्ध र समाज सुधारको लागि सामाजिक सङ्रचनाको अध्ययन गर्ने क्षेत्र समाजशास्त्र हो समाजको प्रमुखकार्य समाजमा बस्ने मानिसहरूलाई शिक्षा प्रदान गर्नु हो । यसरी समाजको शैक्षिक सङ्घसङ्स्थाहरूको सम्वन्धलाई केलाउने

र अध्ययन गर्ने विज्ञान शैक्षिक समाजशास्त्र हो । यसका पिता भनेर E.George Payne लाई भनिन्छ । एबथलभ का भनाइमा सामाजिक आवश्यकता, चाहना र व्यवहारले नै मानिसलाई परिवर्तनशील बनाउन सक्दछ । अतः शिक्षाको विकासका लागि समाज महत्वपूर्ण आधार हो (वाग्ले र कार्की २०५७) ।

समाजसास्त्रीय शव्दकोषमा उल्लेख गरिए अनुसार "सामाजिक, साँस्कृतिक र वातावरका कारणले आमा बाबुका विचारहरू फरक हुन्छन् र बच्चाहरू शैक्षिक रूपले अपाङ्ग हुन्छन् । यस्तो समयमा थप स्रोतहरूबाट शिक्षाको गुणस्तर विकास गर्नुपर्ने हुन्छ ( जेरी एण्ड जेरी, २०००, पृ.१७५) ।

कार्ल माक्सका अनुसार मानव सभ्यताका परिवर्तनशील छ । त्यसैले मानव इतिहासलाई वस्तुगत, व्यवहारिक र वैज्ञानिक तरिकाबाट बुझ्न वा व्याख्या गर्न यसको ऐतिहासिक विशिष्टताको आधारमा वर्गीकरण गर्न आवश्यक छ । सामाजिक संस्था तथा सामाजिक प्रकृयाहरू इतिहासका विशिष्ट कालखण्डमा फरक फरक उत्पादन प्रणालीद्वारा निर्धारित हुन्छन् र तीनिहरूलाई समयको एउटै कालखण्डमा रहेर अध्ययन गर्न कठिन हुन्छ । सामाजिक प्रकृयाहरू र सस्थाहरूलाई ऐतिहासिक विशिष्टताका आधारमा अध्ययन गरिनु पर्दछ, जुन वस्तुगत र व्यवहारिक हुन्छ (दाहाल,२०६७) ।

## २.२ पूर्व साहित्य समिक्षा

Save the Children (2015) ले Children and Traditional caste in Gulmi 'district, Nepal अध्ययन अन्तर्गत गरेको अध्ययनमा कुमालहरूको शैक्षिक अवस्था, पारिवारिक जीवनयापन गर्ने शैली, बालविवाह जस्ता विकृति विसङ्गगतिका साथै शैक्षिक अवस्था विद्यालय शिक्षालाई निरन्तरता दिन नसक्ने आर्थिक विपन्नता, छोरा र छोरीबीचको भेदभावजस्ता पक्षको चर्चा गरेको पाइन्छ ।

त्यसैगरी कुमाल लगायत अन्य गरिब पिछडिएको वर्गको शैक्षिक तथा आर्थिक चेतना अभिवृद्धि गर्न गुल्मी जिल्लामा विभिन्न गैरसहकारी सङ्घसस्था रहेका छन् । यि जातिको सम्बन्धमा यस जिल्लाका विभिन्न समुदायिक सङ्स्था वित्तीय सङ्स्थाहरूले लघु

ऋण कार्यक्रम सरसफाइ सम्बन्धी जनचेतना शैक्षिक जनचेतना, गरिबी निवारण कार्यक्रम सञ्चालन गरेका छन् ।

यसप्रकार विभिन्न विद्वानरूको अनुसन्धान एवम् रचनाले यस जातिका दयनीय जीवनस्तर, आयआर्जन, शैक्षिक अवस्था, रहनसहन, लवाईखवाई, सङ्स्कृति परम्परा सम्बन्धी अध्ययन भए पनि  शैक्षिक पक्षलाई छुट्टै अध्ययनको विषयवस्तु नगरिएको परिप्रेक्ष्यमा यो अध्ययन शैक्षिक पक्षलाई कुमालहरूको विकासमा पार्ने प्रभावमा केन्द्रित रही एउटा नयाँ आयम थपिनेछ ।

रिजाल (२०६१) "कुमाल जातिको शिक्षा र सामाजिक न्याय सर्लाही जिल्लाको हरिपूर्वा गा.वि.स. स्थिति हरिपूर्वा गाउँको अध्ययन", पनि शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह द्वितीय वर्षको सामाजिक न्याय शिक्षा (Elective 571) अन्तर्गत गरिएको हो । नेपालका अन्य जातिमध्ये यस जातिले माटाका भाडाँ बनाउने जातिको रूपमा चिनिन्छ । यी जातिले मुख्य गरेर नेवारी भाषा प्रयोग गर्दछन् । देशमा भएको राजनीतिक परिवर्तन २००७, २०१७, २०४६ र २०२१ सालका भूमिसुधार कार्यक्रम र २०२८ सालको शैक्षिक परिवर्तनले यस जातिलाई कुनै पनि असर गरेको देखिँदैन । यस जातिले भोग्नु परेको समस्याहरूको विश्लेषण गरेको पाइन्छ । आर्थिक अवस्थाको कारण र परम्परागत सामाजिक अवस्थाले यी जातिको शैक्षिक प्रगति हुन नसकेको ठहर रायले गरेका छन् । नेपाली समाजभित्र बसोबास गर्ने यस जातिको सामाजिक र शैक्षिक अवस्थाको चित्रण गरेको पाइन्छ ।

चेतना, शिक्षा र अज्ञानताको स्तरमा खास सुधार भएको देखिँदैन । यसले परम्परागत मूल्य, मान्यता, उपचार प्रविधि, शैक्षिक मार्गलाई उन्मुख हुन सकेको छैन । वैकल्पिक सीपको अभावको गर्दा कृषि मजदुरी बाहेक अन्य शैक्षिक रोजगारको अवसरबाट बञ्चित छन् । शिक्षा र आर्थिक क्षेत्रमा परिवर्तन ल्याउन उनीहरूका रुचि अनुसार कार्यक्रम र अवस्था दिनुपर्ने, सरकारले जातिगत रूपमा विशेष शैक्षिक कार्यक्रम ल्याउनुपर्ने सीपमूलक, रोजगारमूलक कार्यक्रमहरू गा.वि.स. मार्फत् सञ्चालन गर्नेजस्ता सुझावहरू प्रस्तुत गरेका छन् ।

यसरी कुमालहरूको रहनसहन निकै सरल रहेको पाइन्छ । दिनभरी माटाको भाडा बनाउने, साँझपख जहान परिवारबीच बसी रमाउने यिनीहरूको थोरै आवश्यकतामा बाँच्ने गर्दछन् । साँझ र विहान हातमुख जोर्ने तथा आङ ढाक्ने लुगा लगाउन मात्र आफ्ना आवश्यकता ठान्ने कुमालहरू केटाकेटीलाई विद्यालय पठाउनु पर्छ भन्ने धारणाबाट अनभिज्ञ रहेको पाइन्छ । आर्थिक विपन्नताका कारण स्कुले उमेरका बालबालिकालाई आफूसँगै बालश्रम गर्न लाउने गरेका पाइन्छ । यसकारण तिनीहरूको शिक्षामा पहुँच न्यून छ । यस प्रवृत्तिका कारण पनि आफ्ना बालबालिकाको शिक्षाको बारेमा सोँच्न पाउँदैनन् ।

Sharma (2012) ले 'Social Determinants of Fertility Among Rural Women' म चितवन जिल्लाको भवानीपुर गा.वि.स.को दनुवार महिलाहरूले अशिक्षाको कारणले गर्दा बच्चाहरूको जन्मदर बढी भएको मानेका छन् । दैनिक ज्यालादारीमा काम गर्ने हुँदा परिवारको सङ्ख्या ठूलो भएमा पैसा कमाउने, बच्चाहरूलाई साहु महाजनका घरमा घरायसी काममा लगाएर आम्दानी गर्नेजस्ता प्रतिफलको आशामा धेरै बच्चा जन्माउन चाहेका हुँदा जन्मदर हटाउने सम्बन्धमा नकारात्मक प्रभाव परेको देखिन्छ । पढ्न जाने उमेर भएका बच्चालाई स्कुल नपठाई घरका अन्य साना बच्चाहरू हेर्न लगाउनको लागि घरमै राख्ने गर्दा उनीहरू पढ्न पाउँदैनन् । पढ्न नपाएको खण्डमा अशिक्षाको कारण अज्ञानता भई जन्मदर बृद्धि हुन्छ । सानै उमेरमा हुने विवाह, छोरालाई बढी महत्त्व दिने परम्परा, परिवार नियोजनको ज्ञानको कमीले तथा घरमा Decision Making गर्ने समाजमा पुरुषको तुलनामा कम अधिकार भएकोले गर्दा पनि Fertility बढ्छ । सिचित जमिन पनि कम भएको तथा राम्रो उब्जाउ पूर्ण सिङ्चाई हुन सक्ने जमिन भए नियमित आम्दानी र उत्पादन बढ्न गई आर्थिक अवस्था सुधार गर्न सहयोग हुन्छ । आर्थिक समस्याले सताएपछि शिक्षा एवम् अन्य जानकारीमूलक कुरामा ध्यान दिन फुर्सद पनि हुँदैन ।

यस्ता समस्या समाधानका लागि परिवार नियोजन सम्बन्धित विशेष कार्यक्रम महिलाहरूको लागि सञ्चालन गर्नुपर्ने, उत्प्रेरक राखेर परिवार नियोजन कार्यक्रम घरदैलोमा पुऱ्याउनु पर्ने, परिवार नियोजनको सचेतनाको कमिले हुने मातृ मृत्युदरको खतराको जानकारी गराउनुपर्ने सुझाब दिनुभएको छ ।

थापा, (२००२) ले Socio-economic Fators Affecting the Educational Status of Mushar Community" मा मोरङ्ग जिल्ला दरवेसा गा.वि.स. का मुसहर समुदायमा सामाजिक, आर्थिक तत्त्वहरूले शिक्षामा पारेको प्रभावका सम्बन्धमा अध्ययन गर्नु भएको छ । घरमा प्रौढ व्यक्तिहरू शिक्षित भएमा छोराछोरीहरूलाई पनि पढाउने प्रवृत्ति हुन्छ । त्यस्तै जुन परिवारमा वयस्क व्यक्तिहरू मजदुरी वा श्रमिक कार्यमा बढी सङ्लग्न छन्, उनीहरू शिक्षामा कमै सङ्लग्न गराउँछन् । कमजोर आर्थिक अवस्था नै अशिक्षाको मूल कारण हो । बालविवाह, महिला शिक्षाप्रति समाजको नकारात्मक रुढीवादी धारणा, विद्यालयमा अध्ययन कार्यमा हुने भाषागत समस्या र शिक्षकहरूको विद्यार्थीप्रतिको व्यवहारले पनि पिछडिएका यी मुसहरहरूलाई शिक्षा ग्रहण गर्न नकारात्मक अवस्था सिर्जना भइरहेको छ । लैङ्गिक भेदभाव, परिवारको आर्थिक अवस्था, पारिवारिक शिक्षाको वातावरण, विद्यालयका सुविधाहरू आदिले पनि शिक्षा क्षेत्रमा महत्त्वपूर्ण प्रभाव पारिरहेका हुन्छन् । यिनीहरू ६५ जिल्लाहरूमा छरिएर रहेको भए पनि खास पूर्वी तराईका ६ वटा जिल्लाहरूमा बाहुल्यता रहेको पाइन्छ । यीमध्ये सबभन्दा बढी जनसङ्ख्या सिरहामा बसोबास गरेको पाइन्छ ।

सिङ्ह, (२०६२), ले "मुसहर जातिका शैक्षिक अवस्था र आर्थिक अवस्थामा सामाजिक न्याय धुनष जिल्लाको हरिपुर गा.वि.स. वडा नं. ५ को एक अध्ययन" त्रि.वि.को शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर दोस्रो वर्षको सामाजिक न्याय शिक्षा (Elective 571) विषयको आंशिक भार पूरा गर्न गरिएको यो लघु अनुसन्धानमा धुनषा जिल्लाको हरिपुर गा.वि.स. वडा नं. ५ का मुसहर जातको मानिसहरूले शिक्षा तथा आर्थिक अवस्था, त्यसैगरी यस जातिका शैक्षिक चेतनाको विकास ज्यादै दयनीय रहेको उहाँले उल्लेख गरेको पाइन्छ । परम्परागत रूपमा माटोको काम गर्ने, माटो खन्ने, अधिकांश मानिसहरू कालो रङ्गका रहने गरेको उल्लेख गरेको छ । देशभरी कृषि उत्पादनदेखि बाटो निर्माण, भवन निर्माण कार्यका मजुदुरी गर्ने यिनीहरूको प्रमुख पेसाको रूपमा रहेका छन् । यिनीहरू पनि देशका नागरिक हुन् ।

त्यसैले शिक्षामा विकास आर्थिक सफलता कसरी ल्याउने शिक्षाप्रतिको नकारात्मक धारणालाई सकारात्मक कसरी बनाउन सकिन्छ । मुसहरले आफ्नो हक र

अधिकार पाउन गा.वि.स. देखि जिल्ला र क्षेत्रीय स्तरसम्म समेत सङ्गठन बनाउनु पर्ने, शिक्षा, रोजगारी र राजनैतिक क्षेत्रमा विशेष आरक्षणको व्यवस्था हुनुपर्ने, यस जाति बालबालिकालाई कक्षा एक देखि निःशुल्क शिक्षा व्यवस्था हुनु पर्ने आदि सुझाव दिएका छन् ।

उपरोक्त कथनहरूलाई मध्यनजर गर्दै यस अध्ययनमा गुल्मी जिल्लाका तुराङ्ग गा.वि.स. वडा नं. ७ का कुमालहरूका शैक्षिक अवस्थाको विषयमा गरिएको छ यस अध्ययनले ठोस निचोड निकाल्ने हुनाले यो शोध कार्य ज्यादै आवश्यक, उपलब्धीमूलक र महत्वपूर्ण हुन जान्छ । त्यस क्षेत्रका कुमालहरूको वास्तविकता चित्रण गरी भविष्यमा यस जातिसम्बन्धी योजना निर्माण र कार्यान्वयनमा यो अध्ययन सहयोगी बन्न सक्नेछ । यस गुल्मी जिल्लामा भएको अध्ययनले गर्दा भविष्यमा विभिन्न भौगोलिक क्षेत्रका कुमालहरूका बारेमा पनि अध्ययन र अनुसन्धान गर्न मद्दत मिल्ने छन । जसले गर्दा त्यहाँका कुमालहरूका समस्याहरू पहिचान गरी समाधानमा महत्वपूण भूमिका खेल्लेको पाइन्छ ।

# अध्याय तीन

# अध्ययन विधि

## ३.१. अनुसन्धान ढाँचा

प्रस्तुत अनुसन्धान कुमाल जातिका शैक्षिक अवस्थाका बारेमा जनकारी प्राप्त गर्ने तर्फ केन्द्रित भएका कारण वर्णनात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यांकहरूको विश्लेषण गरिएको छ । यस ढाँचाअन्तर्गत शिक्षाले विभिन्न जाति, अवस्था र उमेर समूहका कुमालहरूको शैक्षिक स्थिति र शिक्षाप्रति घरधुरी उत्तरदाताहरूको धारणा जस्ता आधारभूत पक्षहरूमाथि समेत थप विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनोटको औचित्य

प्रस्तत शोध अध्ययनको क्षेत्र नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गुल्मी जिल्ला तुराङ गा.वि.स. वडा नं. ७ मा वसोवास गर्ने कुमाल जातिलाई लिइएको छ । यस गा.वि.स. मा कुमाल जातिको मात्र वसोवास रहेको पाइन्छ । सम्वन्धित क्षेत्रलाई अनुसन्धानको लागि रोज्नुको कारण यस गा.वि.स.मा हालसम्म कोही कसैले पनि शैक्षिक स्थितिका बारेमा अध्ययन नगरेकोले र सीमित समय र स्रोत साधनले यो अध्ययन पूरा गर्नु पर्ने भएकाले यस अध्ययनको औचित्य ठानिन्छ ।

## ३.३ नमूना छनौट विधि

नुमना छनौट विधिको मद्दतले प्रतिनिधित्वपूर्ण नमुनाको छनौट गरिएको छ । नमुनाले समग्रको उपर्युक्त प्रतिनिधित्व खण्डमा यथर्था परिणामहरू प्राप्त हुन्छ । नमुना छनोट विधिको प्रमुख उद्देश्य प्रतिनिधित्वपूर्ण नमुनाको यथेष्ट सङ्ख्यामा विधिपूर्वक छनोट गर्नु हो । अध्ययन क्षेत्रका कुमाल जातिको १३० घरधुरी रहेको छन् । यसरी कुमाल जातिको शैक्षिक स्थितिको बारेमा प्रकाश पार्न कुनै पनि तथ्याङ्क झुटो नहोस्, भरपर्दो होस्, विश्वसनीय होस् भनी कुमाल जातिहरूको जम्मा जनसख्याबाट नमुना छनौट गरी जम्मा सङ्ख्या ४० जनालाई यो शोधकार्यमा असम्भावित नमुना छनौट अन्तर्गत उद्देश्यगत नमुना छनोट विधिबाट अध्ययन गरिएको छ ।

अनुसन्धानको क्षेत्र/समग्रता त्यति धेरै ठूलो नभएकोले यो अध्ययनमा जनगणना विधिद्धारा १३० वटै घरधुरीको तथ्याङ्क सङ्कलन गरिएको छ । प्रत्येक घरधुरीबाट घरमूलीलाई उत्तरद्धाताको रूपमा ४० जनालाई नमुना छनोट विधिद्धारा तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी नमूना छनौटमा लिएको परिवार सङ्ख्याबाट एक-एक परिवारलाई आवस्यकता अनुरूप आफूले तयार गरेको निर्मित प्रश्नावली चेक लिष्टको आधारमा सोधी परिमाणात्मक तथ्य र गुणात्मक तथ्यहरू सङ्कलन गरिएको छ । यसरी प्रश्न सोध्ने क्रममा प्रसङ्ग थप अनिर्मित प्रश्नहरू पनि सोधी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४ तथ्याङ्कको स्रोत

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्दा अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि तथ्याङ्कको स्रोत र त्यसको विश्वसनीयत अत्यन्त महत्वपूर्ण कुराहरू हुन् । विश्वासिलो र भरपर्दो स्रोतको आधारमा अनुसन्धान प्रभावकारी हुन सक्दैन । सफल अनुसन्धानका लागि निम्न प्रकारका तथ्याङ्कको स्रोत लिइएको ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धान क्षेत्रमा स्थलगत अध्ययनको आधारमा प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलन गर्न स्थलगत अध्ययनमा निम्न तरिकाहरू प्रयोग गरिएको छ ।

#### ३.४.१.१ प्रश्नावली

प्रश्नावली भन्नाले सामाजिक अनुसन्धानमा वर्णात्मक प्रकृतिका सूचना सङ्कलन गर्ने र अनुसन्धानका विभिन्न पक्षमा जानकारी प्राप्त गर्ने उद्धेश्यले वृहत रूपमा प्रश्नावली, अर्न्तवार्ता अवलोकन आदि माध्यमबाट अध्ययन अनुसन्धान गर्ने प्रकियालाई जनाएको छ । सामाजिक अनुसन्धानका क्रममा तयार परिएका विभिन्न प्रकार सूचिबद्ध प्रश्नहरूलाई उत्तरदाता समक्ष पूऱ्याई आवश्यक सूचनाको सङ्कलन गरिएको छ । त्यस तरिकालाई प्रश्नावली भनिन्छ । जहाँ उत्तरदाता आफैंले उत्तर भर्न वा लेख्न सक्ने छन् । अनुसन्धान कर्ताले तयार पारेका प्रश्न पत्रको सुचि जुन उत्तरदाता समक्ष उत्तर प्राप्त गर्ने आशामा पठाइएको छ, त्यो नै प्रश्नावली हो ।

यस अनुसन्धानका लागि पनि विभिन्न किसिमका प्रश्नावलीहरू निर्माण गरि नमुना छनोट गरिएका व्यक्तिहरूवाट प्रश्नावली भराएर सुचना सङ्कलन गर्ने कार्य गरिएको छ । त्यसै गरि प्रश्नावली भर्न नजान्ने व्यत्तिहरूको हकमा अन्य व्यत्तिहरूको सहयोगमा प्रश्नावली भराउने कार्य गरिएको छ ।

### ३.४.१.२ अन्तर्वाता

अन्तरवार्ता भन्नाले उत्तरदाता र साक्षात्कार कर्ता बिच प्रत्यक्ष अन्तरक्रिया वाट सूचना सङ्कलन गर्ने अनुसन्धान विधि हो । यसका साथै प्रत्यक्ष रूपमा मौखिक अन्तरक्रियाका माध्यमबाट अन्तरवर्ता दिने र लिने वीचको सङ्वादवाट तथ्यहरू लिइन्छ भने त्यस प्रंक्रियालाई अन्तरवार्ता मान्न सकिन्छ । अर्न्तवार्ता सम्मुख अर्न्तवैयक्तिका भूमिका स्थिति हो । जसमा साक्षात्कारले कुनै पनि अनुसन्धान प्रश्न उत्तरदातालाई उत्तर पाउने अपेक्षाले सोध्ने गर्दछ । यस अनुसन्धान कार्यलाई सम्पन्न गर्ने कममा पनि कुमाल जातिको शैक्षिक अवस्थाका बारेमा जानकार व्यत्तिहरू, सोही स्थानका विद्यालयका प्र.अ., शिक्षक, गा.वि.स सचिवसगँ प्रत्यक्ष भेटघाट गरि व्यक्तिगत तथा सामुहिकरूपमा अन्तरवार्ता लिई तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ ।

### ३.४.१.३ अवलोकन

अनुसन्धान कर्ताले आफूले अनुसन्धान गर्ने विषयमा केन्द्रित भएर कुनै पनि अनुसन्धान गर्नु पर्ने परिवेशलाई प्रत्यक्ष नियालिन्छ भने त्यसलाई अवलोकन भनिन्छ । त्यसै गरी सहभागी अवलोकन भन्नाले अनुसन्धानकर्ताले आफ्नो अध्ययन विषयमा सम्बन्धित समुदायमा रहेर आवश्यक सबै तहवाट घटना प्रकृतिलाई प्रत्यक्ष नियाल्छ भने त्यसलाई सहभागी अवलोकन भनिन्छ । त्यसैले यस प्रकारको अवलोकनको निष्कर्षमा सत्यता प्राप्त गर्न सकिन्छ । यस शोधको लागि पनि तथ्याङ्क सङ्कलन गर्दा सूचनादातासगँ सहभागी भएर अनुसन्धान क्षेत्रका विभिन्न पक्षहरूको अवलोकन गरि तथ्याङ्क सङ्कलन गर्ने काम गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

यस अध्ययनमा प्राथमिक स्रोतका साथै द्वितीय स्रोतबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क यस सम्बन्धमा प्रकाशित लेख, जि.वि.स.बाट उपलब्ध रेकर्ड, कुमाल जाति सम्बन्धी स्वदेशी तथा विदेशी लेखकले लेखेका पुस्तक, लेख, रचना, पत्रपत्रिकाबाट प्राप्त तथ्याङ्कलाई द्वितीय स्रोतको रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

अनुसन्धान गर्दा प्रयोग हुने विभिन्न चरणहरूमा प्राप्त तथ्याङ्कलाई सही रूपमा प्रस्तुत गर्ने र ती तथ्याङ्कको उचित ढङ्गले विश्लेषण गर्न सकियो भने प्राय अनुसन्धानको उपलब्धि सार्थक हुन जान्छ । तसर्थ यस अनुसन्धानमा पनि वर्णनात्मक प्रस्तुतीकरण विधि अनुसार तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषण गरिएको छ । जसअनुसार यस अध्ययनको उद्धेश्य वमोजिम कुमाल जातिको शैक्षिक अवस्थामा आएका परिवर्तनको वारेमा अध्ययन अनुसन्धान गरिएको छ । यस अध्ययनलाई पूरा गर्नका लागि तथ्याङ्क सङ्कलन गर्दा माथी उल्लेखित विभिन्न विधिहरू प्रयोगमा ल्याइएको छ । प्रस्तुत प्राथमिक र द्धितिय तथ्याङ्कहरूलाई तुलनात्मक अध्ययन गरि यस अध्ययनलाई अन्तिम रूप दिइएको छ । यसका अतिरिक्त विभिन्न माध्यमवाट प्राप्त तथ्याङ्कलाई सुक्ष्म ढंगले विश्लेषण गर्न आवश्यक विभिन्न तालिकाहरू प्रयोगमा ल्याइएको छ ।

# अध्याय – चार
# अध्ययन क्षेत्र परिचय

## ४.१ जनसङ्ख्या विवरण

नेपाल एक बहुजातीय, बहुभाषिक र बहुधार्मिक विशेषता युक्त देश हो । कुनै पनि समाजको जातिगत सङ्रचनाले त्यस ठाउँको क्रियाकलाप र नेतृत्वलाई प्रभाव पार्ने गर्दछ । अध्ययन क्षेत्र तुराङ्ग गा.वि.स.को वडागत जनसङ्ख्याको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका नं.४.१**

**तुराङ्ग गा.वि.स. को जनसङ्ख्या विवरण**

| वडा नं. | घरधुरी | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| १ | ३१५ | १२०६ | ५४६ | ६५९ |
| २ | १०३ | ४०२ | १७२ | २३० |
| ३ | ६७ | २४१ | १०३ | १३८ |
| ४ | ६६ | २७५ | ११७ | १५८ |
| ५ | ७९ | ३११ | १३१ | १८० |
| ६ | ३१ | १४८ | ६८ | ८० |
| ७ | १३० | ५६८ | २५१ | ३१८ |
| ८ | ११७ | ५५२ | २३३ | ३१९ |
| ९ | ४९ | २१९ | ९३ | १२६ |
| जम्मा | ९६१ | ३९२२ | १७१४ | २२०८ |

स्रोत : तुराङ्ग गा.वि.स. को अभिलेख, २०७३

माथिको तालिका अनुसार तुराङ्ग गा.वि.सङ् मा जम्मा ९६१ घरधुरी मध्ये सबैभन्दा धेरै घरधुरी वडा नं. १ मा छ । जहाँ ३१५ घरधुरीमा कुल जनसङ्ख्या १२०६ छ भने सबैभन्दा कम घरधुरी वडा नं. ६ मा ३१ घरधुरी र १४८ जनसङ्ख्या रहेको छ भने अध्ययन क्षेत्र वडा नं. ७ मा १३० घरधुरी र ५६८ जनसङ्ख्या रहेको छ ।

## ४.२ जातजाति अनुसार जनसङ्ख्या विवरण

यसैगरी तुराङ्ग गा.वि.स. को जाति/जनजाति आधारमा जनसङ्ख्याको अवस्था निम्न अनुसार रहेको छ ।

**तालिका नं. ४.२**

**जातिगत घरधुरी वितरण**

| सि.नं | जाति/जनजाति | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | ५५५ | ५७.७५ |
| २ | क्षेत्री | ९० | ९.३६ |
| ३ | कुमाल | १३० | १३.५२ |
| ४ | मगर | ११० | ११.४० |
| ५ | कामी | ८४ | ८.७४ |
| | जम्मा | ५६८ | १०० |

स्रोतः तुराङ्ग गा.वि.स. अभिलेख, २०७३

माथिको तालिका अनुसार तुराङ्ग गा.वि.स. मा सबैभन्दा धेरै घरधुरी ब्राम्महणहरूको छ । उनीहरूको जनसङ्ख्या ५५५ अर्थात ५७.७५ प्रतिशत रहेको छ भने कुमाल, मगर, क्षेत्री, कामीहरूको घरधुरी जनसङ्ख्या क्रमश दोस्रो, तेस्रो, चौथो र पाँचौ स्थानमा छ । यस प्रकार उक्त जिल्लामा विभिन्न जातजातिको वसोवास रहेको पाइन्छ ।

## ४.३ लिङ्गगत जनसङ्ख्याको विवरण

अध्ययन क्षेत्र तुराङ्ग गा.वि.स. वडा नं. ७ को कुल १३० घरधुरी मध्ये धेरै कुमाल जातिको बसोबास रहेको छ । उक्त वडाको लिङ्गगत जनसङ्ख्याको विवरण यसप्रकार रहेको छ ।

**तालिका नं.४.३**

**लिङ्गगत जनसङ्ख्याको अवस्था**

| घरसङ्ख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १३० | २५१ | ४४.१२ | ३१८ | ५५.८८ | ५६९ | १०० |

स्रोतः तुराङ्ग गा.वि.स. को अभिलेख, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्र तुराङ्ग गा.वि.स. वडा नं. ७ कुल १३० घरधुरी सबै कुमालहरू छन् । लिङ्गगत आधारमा हेर्दा पुरुष २५१ जना र महिला ३१८ जना गरी जम्मा जनसङ्ख्या ५६९ जना रहेको छ । तालिकाअनुसार महिलाको जनसङ्ख्या पुरुषको तुलनामा केही वढी पाइयो । हाम्रो जस्ता हाम्रो जस्तो पुरुष प्रधान समाजमा छोराको बढी चाहना गर्ने हुनाले छोरा नजन्मुन्जेल छोरी जन्माई राख्ने प्रचलनले गर्दा कुमालहरूको सङ्ख्या बढी  देखिन्छ । केटा मानिसहरू प्रायः श्रीमतीको मृत्यु भयो भने अर्को विवाह गर्ने प्रचलन छदै छ । कुमाल समुदायमा चाही कोही-कोही विधुवा विवाह भएको दाई वितेपछी भाउजुसङ्ँग विवाह गर्ने चलन छ तर यो क्रमश घट्दै गइरहेको पाइन्छ । कुमाल समुदाय पनि पुरुष प्रधान समाज भएकोले छोरा आमावावुको साहारा बन्ने र छोरी विवाह गरेर अर्काको घर जाने भएकोले छोराको बढी चहना रहेको पाइन्छ त्यसैले गर्दा महिला सङ्ख्या बढी छ ।

महिलाको जनसङ्ख्या ५५.८८ र पुरुषको जनसङ्ख्या ४४.१२ प्रतिशत रहेकोमा यसबाट के थाहा हुन आउँछ भने पुरुषको तुलनामा मलिहाको सख्या केही बढी पाइन्छ ।

## ४.४ उमेरगत विवरण

नमूना चयन भएका परिवारमा विभिन्न समूहको जनसङ्ख्या रहेको छ त्यसैले यहाँ कुमालहरूका परिवारको कुल जनसङ्ख्यालाई उमेरका आधारमा विभिन्न समूहमा विभाजन गरी विश्लेषण गरिएको छ ।

**तालिका नं ४.४**

**अध्ययन क्षेत्रको कुमाल परिवार र सङ्ख्या**

| क.सङ्. | उमेर समूह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०-५ | ० | ० | ५ | २.८ | ६ | २.८५ |
| २ | ६-१६ | ३९ | १८.५७ | ३२ | १५.३ | ७१ | ३३.८० |
| ३ | १७-६० | ६५ | ३०.९५ | ५४ | २५.७१ | ११९ | ५६.७७ |
| ४ | ६०+ | ७ | ३.३४ | ७ | ३.३३ | १४ | ६.६६ |
| | जम्मा | ३१८ | ५२.९ | २५१ | ४७.१ | ५६९ | १०० |

स्रोतः स्थलगत अध्ययन २०७३

तालिका नं ४.४ का अनुसार ४० घर परिवारमा ०-५ वर्षका बालबालिकामा बालिका तर्फ ० जना र बालक तर्फ ६ जना अर्थात २.८ प्रतिशत गरि जम्मा ६ जना अर्थात २.८५ प्रतिशत वालवालिका रहेका छन् । त्यसैगरी ६-१६ वर्ष उमेर समूहका वालवालिकाहरू जो विद्यालय जाने कार्यमा व्यस्त रहेका देखियो त्यसमा महिला तर्फ ३९ जना अर्थात् १८.५७ प्रतिशत र पुरुषतर्फ ३२ जना आर्थात १५.२३ गरी जम्मा ३३.८० प्रतिशत रहेको पाइयो । १७-६० वर्ष उमेर समूहको जनसङ्ख्यामा महिला तर्फ ६५ जना अर्थत ३०.९५ प्रतिशत छन् भने पुरुषतर्फ ५४ जना अर्थात् २५.७१ प्रतिशत छन् । ६०+ वर्षका कुमालहरूमा ७ जना महिला अर्थात् ३.३४ प्रतिशत र पुरुष ७ जना अर्थात ३.३४ प्रतिशत रहेको छ ।

## ४.५ धर्मअनुसार जनसङ्ख्या विवरण

मानव जगतलाइ हेर्ने दृष्टिकोणमा भौतिकवादी दृष्टिकोण र अध्यात्मवादी दृष्टिकोणमा आधारभूत भिन्नता रहेको पाइन्छ । जातिय विभाजन अनुसार यहाँ कुमालहरूको धर्मप्रति वर्गीकरण गरेको बंशावली पाइदैन र प्राय कुमालहरू हिन्दू

धर्मालम्बी भएको देखिन्छ भने यस अध्ययन क्षेत्रमा हाल आएर केहि मात्रामा धर्म परिवर्तन गर्दै क्रिष्चियन धर्ममा आकर्षित भएको पाइयो ।

**तालिका ४.५**

**धर्मको आधारमा उत्तरदाता**

| धर्म | घरधूरी | प्रतिशत |
|---|---|---|
| हिन्दू | २९ | ७२.५ |
| क्रिष्चियन | ११ | २७.५ |
| बौद्ध | - | - |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका ४० घरधुरी मध्ये ११ घरधुरी अर्थात २७.५ ले धर्म परिवर्तन गरेर क्रिस्चियन धर्ममा लागेको पाइन्छ भने २९ घरपरिवार अर्थात ७२.५ मा भने हिन्दु धर्म नै मानिएको पाइयो । यसैगरी यस अध्ययन क्षेत्रमा भने बौद्ध धर्म मान्य घरपरिवारहरू भने भेटिएन । यस तथ्याङ्कबाट के निष्कर्ष निकाल्न सकिन्छ भने परम्परामा यस जातिको धर्म हिन्दु भए पनि हाल आएर क्रिष्चियन धर्ममा झुकाव रहेको पाइयो ।

## ४.६ पारिवारिक सङ्रचना

विशषत हाम्रो देशमा परिवार जम्मा एकात्मक र सङ्युक्त गरी २ प्रकारको देख्न सकिन्छ । यस समुदायमा रहेको पारिवारिक सङ्रचना यस प्रकार छ ।

**तालिका नं. ४.६**

**परिवारको आधारमा उत्तरदाता**

| पारीवारीक सङ्रचना | सख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | ३४ | ८५ |
| सङ्युक्त | ६ | १५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत अध्ययन, २०७३

तालिका हेर्दा पारिवारिक सङ्रचनाको आधारमा यो समुदायको अवस्था हेर्दा अधिकांशं एकात्मक परिवार रहेको देखिन्छ । जसमा एकात्मक परिवारमा ८५ प्रतिशत देखियो भने सङ्युक्त परिवारको सङ्रचनामा १५ प्रतिशत मात्र देखीयो । यसरी हेर्दा यो समुदायमा एकात्मक पारिवारिक सङ्रचनाको वाहुल्यता पाइयो । वृहत परिवारमा भने रहेको पाइएन ।

संयुक्त परिवारमा एकै छानामुनी बस्ने एउटै भान्सा प्रयोग गर्न आमाबुवा बस्ने एउटै भान्सा प्रयोग गर्न आमा बुवा र तिनीहरूका छोरा, बुहारी नाती नातिनी पर्दछन् । छुट्टै बस्दा आर्थिक उन्नति हुन्छ आफ्ना छोराछोरीलाई पालन पोषण गर्न सकिन्छ अनि राम्रो शिक्षा पनि दिन सकिन्छ भन्ने धारणाले पनि परिवार परिवर्तन हुँदैछ । मानिस अहिले पश्चिमीकरणको प्रभावले व्यक्तिवादी हुन थालेका छन् । जुन कुराको प्रभाव कुमाल समुदायमा पनि पाउन थालिएको छ । सँगै बस्दा सबैको मन नमिल्ने झगडा हुन सक्ने, स्वतन्त्र हुन नपाइने कारणले पनि छुटै बस्न थालेका छन् ।

## ४.७ परिवारको आकार

कुमालका ४० परिवारलाई सदस्य सङ्ख्याको आधारमा बिभिन्न वर्गमा विभाजन गरिएको छ । जुन निम्न तालिका नं ४.७ अनुसार रहेको छ ।

**तालिका नं ४.७**

**घर परिवारको सदस्यहरूको विवरण**

| परिवारका सदस्य सङ्ख्या | घरसङ्ख्या | प्रतिशत |
|---|---|---|
| सानो (१-४ जना) | १२ | ३० |
| मध्यम (५-८) जना | २५ | ६५.५ |
| ठुलो ९ माथि | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७३

माथिको तालिकाअनुसार कुमालको परिवारलाई आकारका दृष्टिले ३ भागमा बाडिएको छ । जसमा सानो परिवार १२ मध्यम परिवार २५ र ठूलो परिवार सदस्य सङ्ख्या ३ जना  रहेका छन् । जसमा मध्यम सदस्य सङ्ख्या बढी रहेको पाइयो ।

पहिला कुमालहरू आफ्नै घरमा खेती गर्ने खेताला भए खेती गर्न सजिलो धेरै छोराछोरी भए अर्काको घरमा काम गर्न राख्ने जसबाट पैसा आउँछ र आर्थिक स्थिति बलियो हुन्छ भनेर धेरै सन्तान जन्माउने गर्थे । विभिन्न सञ्चारको माध्यमले पुँजीवादको विस्तार हुँदा विभिन्न ठाँउमा काम गर्न जादा त्यहाँका कुरा सिक्नाले गर्दा त्यस समुदायका मानिसमा जनचेतना वृद्धि भएको छ । त्यसले गर्दा सानो परिवार सुखी परिवार सङ्ख्या घटे जस्तै यहाँ पनि पहिलाको तुलनामा परिवार सङ्ख्या घट्दैछ । थोरै छोराछोरी भए उचित स्याहार र पुग्ने राम्रो   शिक्षा दिन पाइने कम खर्च लाग्ने जस्ता कुराहरू अभिभावकले बुझ्न थालेका छन् । पहिलाको तुलनामा छोराप्रतिको चाहना अलि कम हुँदा छोरी भए पनि ठीकै छ भनि छोरा पर्खिरहनु परिवार नियोजनका साधन सजिलै उपलब्ध हुनु एकल परिवारको सङ्ख्या बढ्नु आदि कारणले सानो परिवारको सङ्ख्या विस्तारै बढ्दैछ ।

## ४.८ प्रमुखको आधारमा परिवारको विवरण

पितृसतात्मक पारिवारिक ढाँचाको हाम्रो समाजमा अधिकांश परिवारका परिवार प्रमुख पुरुषहरू नै रहेका छन् । केही परिवारमा महिला प्रमुख भए पनि ती परिवार

मातृसत्तात्मक नभई लोग्नेको मृत्यु भएको वा पुरुष घरबाहिर काम गर्न गएको विभाजनलाई यहाँ प्रस्तुत गरिएको **छ।**

**तालिका नं ४.८**
**प्रमुखको आधारमा पारिवारिक विवरण**

| क.सङ्. | परिवार प्रमुख | परिवार सङ्ख्या |
|---|---|---|
| १ | पुरुष नेतृत्व परिवार | ३४ |
| २ | महिला नेतृत्व परिवार | ६ |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन २०७३

माथिको तालिकाअनुसार कुल ४० परिवार मध्ये ३४ परिवारमा पुरुष परिवार प्रमुखको रूपमा रहेका छन् बाँकी ६ परिवारमा मात्र कुमालहरू परिवार प्रमुखको रूपमा रहेका छन् । हाम्रो जस्तो पुरुष प्रधान समाजमा महिला सहजै रूपमा परिवार प्रमुख हुँदैनन् । महिला जहिले पनि पुरुषमा आश्रीत हुँदै आएका छन् । एक्काइसौ शताव्दीमा पनि महिलाको निर्णय स्वीकार हुन्छ भने त्यहाँ पुरुष नभएर या पुरुष हुर्की नसकेको भएर हो । महिला पुरुष सरह पढे लेखेको भए पनि परिवारमा पुरुष कै निर्णय प्रमुख हुन्छ । यो कुमाल समुदाय पनि पुरुष प्रधान समुदाय हो ।

यस कुमाल समुदायमा पनि पुरुष महिला दुवै बराबरी रूपमा काम गर्दछन् । महिला घरको काम भ्याएर ज्यालामजदुरीको काम पनि गरिरहेका हुनछन्  तर पनि अधिकांश परिवारमा पुरुष नै परिवार प्रमुख रहेका छन् । यहाँ महिला परिवार प्रमुख भएका परिवारमा पनि लोग्ने जिवित नभएर लोग्ने विदेश गएर छोरा पनि हुर्किनसकेको कारण बाध्यात्मक स्थितिमामात्र महिला प्रमुख हुन पुगेका हुन् ।

## ४.९ वैवाहिक विवरण

कुनै पनि समाजमा कुन उमेरमा विवाह गर्ने भन्ने कुरा त्यस समाजको सामाजिक तथा साँस्कृतिक पक्षहरूले प्रभाव पारेको हुन्छ । यस अध्ययन क्षेत्रका कुमालहरूको वैवाहिक अवस्थाको अवलोकन र अन्तवार्ताको माध्यमबाट लिइएको जानकारकिो तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं ४.९**
**वैवाहिक विवरण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| अविवाहित | १३ | ३२.५ |
| विवाहित | १९ | ४७.५ |
| विधवा/विधुर | ५ | १२.५ |
| छोडपत्र | ३ | ०.७५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार कुल ४० जना मध्ये अविवाहित १३ जना (सम्पूर्ण कुमाल जनसङ्ख्याको ३२.५ प्रतिशत र विवाहित १९ जना (सम्पूर्ण जनसङ्ख्याको ४७.५ रहेको छ । यस क्षेत्रमा विवाहित मध्येकै ५ जना मध्ये ३ जना विदवा र २ जना विदुर रहेका छन् । यस तालिकामा छोडपत्र गर्नेको सङ्ख्या ३ जना अर्थात् जनसङख्याको ०।७५% रहेका छन् । यस तालिका बाट के जानकारी हुन आउँछ भने यस गाउँमा पनि छोडपत्रबाट अछुत रहन सकेको छैन ।

साथै विधुर, विदुवा पनि १२.५ रहेको देखिन्छ । जसमा ५० वर्ष माथिका महिला पुरुष रहेका छन् । यसबाट पुष्टि हुन्छन् कि हालका महिला पुरुष विधुवा भए पनि चेतनाका कारण अर्को विवाह गरेको पाईन्छ ।

## ४.१० पेसागत अवस्था

यहाँका अधिकांश कुमाल जातिहरू कृषि पेसाका साथै ज्याला मजदुरी पेसामा सङ्लग्न रहेका छन् । यसका अतिरिक्त केही सङ्ख्यामा व्यापार मिस्त्री नोकरी आदि पेसा पनि आनाइएको पाइन्छ । यसरी यहाँका मानिसहरूले अपनाउने पेसाहरूलाई विभिन्न बुँदाहरूमा वर्गिकरण गरी अध्ययन गर्न सकिन्छ । जसमा विद्यार्थीलाई समेटिएको छैन ।

**तालिका नं ४.१०**

**कुमाल जातिको पेसागत अवस्था**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| कृषि | २४ | ६० |
| ज्याला मजदुरी | ३ | ७.५ |
| व्यापार | ५ | १२.५ |
| वैदेशिक रोजगार | ५ | १२.५ |
| अन्य | ३ | ७.५ |
| | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७३

हाम्रो जस्तो कृषि प्रधान देशमा धेरैजसो मानिसहरू कृषि पेसा अपनाउछन् । कुमाल समुदायको परापूर्वकाल देखि नै मुख्य पेसा कृषि हो खेतीको काम गरेर गुजारा चलाउदै आएका यिनिहरू हाल कृषि पेसा साथै ज्याला मजदुरी पेसामा पनि सङ्लग्न रहेका छन् । पूजीवादको विकास बजारको विस्तारले केही व्यापार गर्न थालेका छन् । विदेशमा गएर श्रम खर्च गरेर धेरै पैसा कमाएर आर्थिक उन्नती गर्न सकिन्छ भन्ने आशयले केहि वैदेशिक रोजगारिमा लागेका छन् । देशमा कृषि पेसामा सङ्लग्न व्यक्ति विस्तारै अन्य पेसामा सङ्लग्न हुन थाले जस्तै यस समुदायका व्यक्तिहरू पनि परम्परागत पेसा कृषिमा मात्र सिमित नरही अन्य पेसालाई  अवलम्बन गरेको पाइयो ।

## ४.११ जमिन

मानिसहरू बसोवास गर्नका साथै उत्पादनका लागि जमिनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अझ कृषिप्रधान राष्ट्रका लागि त यसको अत्याधिक महत्व हुने गरेको हुन्छ । कुमाल परिवारको स्वामित्वमा रहेको भुमिको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.११**

**स्वामित्वका आधारमा भूमिको विवरण**

| क.स. | भू-स्वामित्व | घरसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भूमिविहीन | - | ० |
| २ | आना देखि १ रोपनी | ३१ | ७७.५ |
| ३ | २-५ रोपनी | ७ | १७.५ |
| ४ | ५-७ रोपनी | २ | ५ |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७३

माथिको तालिकाअनुसार कुल ४० परिवारमा भुमिविहिनको सङ्ख्या शुन्य रहेको छ । किनकि यहाँका पुख्यौली बासिन्दा भएकाले त्यहाँ भुमिहिनहरूको सङ्ख्या शुन्य रहेको छ । सबैभन्दा अत्यधिक आना देखि १ रोपनी सम्म जग्गा हुनेको सङ्ख्यामा ३१ जना रहेको छ । त्यस्तै २-५ रोपनी भएका ७ जना रहेका छन् र सबै भन्दा कम ६-७ रोपनी २ जना मात्र रहेका छन् । १ रोपनीसम्म जमिन भएको हुनाले उनीहरूलाई त्यसले वर्षभरि खान नपुग्ने र जीविकोपार्जनको लागि उनीहरू अर्काको जग्गा अधिया लगाउने, ज्याला मजदुरी गर्ने जस्ता कामहरू गर्दछन् ।

## ४.१२ जग्गाजमिनको अवस्था

समुदायका विभिन्न जाति जनजातिहरूको बसोवास रहेको हुन्छ सबै जातिहरूमा समान रूपले प्राकृतिक स्रोत र साधनको विभाजन भएको हुँदैन विभिन्न कारणहरूले कसैले प्राकृतिक स्रोत र साधनमा पकड जमाएका हुन्छन् । त कसैले केहि अध्ययन क्षेत्रको कुमाल जाति जातिहरूको केहि सङ्ग आफ्नो स्रोत र साधन रहेको छ । र त्यसैको प्रयोग र पहिचान गर्दै आएका छन् ।

## तालिका नं ४.१२

## जग्गाजमिनको अवस्था

| क.सङ्. | विवरण | घरपरिवार |
|---|---|---|
| १ | जग्गा कमाउनेहरू | १२ |
| २ | जग्गा नकमाउनेहरू | २८ |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार अरुको जग्गा कमाउने कुमाल १२ घर परिवार रहेका छन् भने अरुको जग्गा नकमाउने कुमालहरू २८ जना रहेका छन् भने अरुको जग्गा कमाउने भन्दा नकमाउनेको सङ्ख्या बढि हुनुमा वैदेशिक रोजगार व्यापार तथा अन्य व्यवसाय तर्फ सङ्लग्न गरेको कुरा अध्ययनबाट विश्लेषण गर्न सकिन्छ।

# अध्याय पाँच

# कुमाल जातिहरूको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा

मानिसको जीवनमा जसरी अन्य कुराहरूको आवश्यकता हुन्छ त्यसरी नै शिक्षाको पनि महत्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षाविना मानिसको जीवन अपुरो हुन्छ । कुनै पनि समाजलाई चेतनशिल र क्रियाशील बनाउनको लागि शिक्षा एउटा महत्वपूर्ण माध्यम बनेको छ । देशमा सञ्चालित विभिन्न योजनाको मुख्य लक्ष्यनै देशवासिको विभिन्न पक्षहरूसँग सम्बन्धित जस्तै समाजिक आर्थिक तथा मानसिक क्षेत्रमा समृद्धशील बनाउनु हो । देश बनाउन भन्नु नै समाजको शैक्षिक स्तरमा वृद्धि गर्नु हो यसमा पनि देशको जनजातिमा पर्नेहरूको स्थितिमा शिक्षाको विकास गर्न जरुरत देखिन्छ ।

शैक्षिक दृष्टिले हेर्दा यहाँका कुमाल जातिहरू अन्य जातिको तुलनामा पछि परेको देखिन्छ । शिक्षाको महत्वबारे ज्ञान नहुनु तथा कृषिको अलावा अन्य पेसा अपनाउन नजान्ने पनि यसको प्रमुख  कारण मान्न सकिन्छ । यस्तै आर्थिक अवस्था कमजोर हुनु पनि अर्को कारण भएको मान्न सकिन्छ । आजभोलि मात्र विद्यालयमा कुमाल जातिको भर्ना सङ्ख्यामा केहि बृद्धि भएको पाइन्छ ।

## ५.१ शिक्षाको अवस्था

कुनै पनि राष्ट्रको समग्र विकासको कारण नै शिक्षा हो । आज विश्वका जति पनि राष्ट्र बिकशित छन् त्यसको कारण ति देशले शिक्षामा गरेको प्रगति नै हो । त्यसकारण भन्न सकिन्छ कुनैपनि समाज चेतनशील बनाउनको लागि शिक्षा एउटा महत्वपूर्ण माध्यम हो । वास्तवमा आज हाम्रो देश विकसित हुन नसक्नुको कारण पनि इतिहासकाल बाट नै हाम्रो देशमा विभिन्न खाले उतार चडाव तथा राजनैतिक खिचातानीले गर्दा राज्यले शैक्षिक विकाशमा उचित ध्यान दिन नसक्नुनै आज नेपाल विश्वको  अविकसित राष्ट्र हुनुको मूख्य कारण हो ।

वि.सं.. २००७ सालमा प्रजातन्त्रको उदय हुनु भन्दा अगाडि सर्वसाधारण नेपालीले शिक्षा आर्जन गर्न सक्ने क्षमता थिएन। प्रजातन्त्रको मिर्मिरे उज्याले सङ्गै शिक्षाको ज्योति पनि शहर हूदै गाउ गाउ सम्म फैलिदै गयो। तरपनि यस अध्ययन क्षेत्रका कुमाल जातिमा शिक्षा आर्जनमा आजसम्म पनि पछाडि परेको देख्न सकिन्छ । सूरु सूरुमा गाउँ नजिक

बिद्यालय नहूनाले पढाइको बारेमा अनभिज्ञ कुमालहरू गाउँको नजिकै विद्यालय खुलेको भए तापनी यो जातिमा पढ्नुपर्छ भन्ने भावनाको विकाश हुन सकेन । सुकुम्वासी सानो टुक्रा जग्गामा जिविको पार्जन वाध्य कुमाल हरूको विहान वेलुकाको छाक टार्न जाल थाप्नु  माछा मार्नु साथै विक्री वितरण गर्नू जस्तो दैनिक काम र शुल्क तिर्न पैशा जूटाउन नसकेरपनि आफुहरू पढ्न नपायको वताउँदछन् । अध्ययन क्षेत्रका बृद्ध कुमालहरू । वि.सं.२०३१ सालमा जब प्राथामिक शिक्षा निशुल्क भएको मूलूकमा जातिय दमन तथा शोषणमा  केहि सुधार हूदै गयो त्यसपछि ऋमस केहि केटाकेटी विधालय जान थालेको भएतापनि विचैमा पढ्न छोड्ने तथा मुस्किलले प्राथामिक तहसम्म पूरा गर्ने गरेको र विषेश गरी छोरालाई मात्र पढाउने गरेको छोरीलाई घरयासी काममा जस्तैः भाइवैनी हेर्ने सरसफाइका काममा लगाएको त्यस क्षेत्रका कुमालहरू वताउँदछन् ।

वच्चाहरूलाई काम गर्न सक्ने भएपछि कुमालहरूलाई आफ्नो माछा मार्ने पेसाको सहयोगिका रूपमा काम गराउनु र छोरीलाई घरयासी सरसफाइ तथा भान्छाको काममा लगाउने तथा सानैमा विवाह गरिदिने हुनाले यहाका कुमालहरूमा शिक्षाको प्रभाव देखिदैन । पढे पनि नपढे पनि यहि माछा मार्ने तथा कृषि पेसा नै अपनाउनु पर्ने भएपछि पढेर के काम भन्ने मानशिकताका कारण यो क्षेत्रका कुमालहरू पढाइमा रुचि दिदैनन् तर पनि यूवाहरूमा भने शिक्षाको वारेमा सकारात्मक विचार रहेको पाइन्छ । तर लोकतन्त्रको स्थापना पछि सरकारले राष्ट्रिय साक्षर अभियान चलायो । निरक्षर कुमालहरूमा यसले केहि मात्रामा साक्षर बन्ने अवसर प्राप्त गरेको पाइन्छ । अहिलेको नयाँ पुस्ताले भने आफ्नो वच्चालाई शिक्षा दिनु पर्छ भन्ने बुझेका कारण पढाइमा नियमितता दिन र उच्च शिक्षासम्म पूर्याउन सफल भएको पाइन्छ ।

### ५.१.१ शैक्षिक सङ्स्थाहरूको विवरण

गुल्मी जिल्ला अन्तर्गत तुराङ्ग गा.वि.स.मा रहेको शैक्षिक सङ्घसंस्थाहरू मध्ये सबैभन्दा पुरानो विद्यालय ज्ञानोदय मा.वि. हो । अध्ययन क्षेत्रको गुल्मी जिल्लामा शिक्षा दिनका लागि सरकारी क्षेत्रबाट विभिन्न सामुदायिक तथा सङ्स्थागत विद्यालयको स्थापना पश्चात त्यहाँका हुने खाने परिवारका सदस्यहरूले औपचारिक शिक्षा लिएको पाइन्छ भने समयको विकाससँगै विभिन्न क्षेत्रमा स्कुलहरूको स्थापना हुने ऋममा यस क्षेत्रमा पनि सरकारी तथा निजी प्रयासबाट शैक्षिक सङ्स्थाहरूले स्थापना भएको पाइयो । अध्ययन

क्षेत्रमा रहेको गुल्मी जिल्लाको शैक्षिक सङ्स्थाहरूको विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

### ५.१.२ बालवालिकाको शैक्षिक विवरण

परिवार समाज र स्वयम् व्यक्तिगत क्रियाकलापमा शिक्षाले प्रभाव पार्दछ । यसैले तुराङ्ग गा.वि.स वडा नं.७ का उत्तरदाताको परिवारमा पनि अभिभावककै शैक्षिक सचेतना र अज्ञानताले गर्दा पारेको प्रभाव के कस्तो छ र अभिभावकले बालवालिकाको भविष्यप्रति कत्तिको चासो गर्दछन् वा गर्दैनन् बालवालिकामा लैङ्गिक विभेद कस्तो छ भन्ने विषयमा तलको तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१**

**बालवालिकाको शैक्षिक विवरण**

| विद्यालय जाने वालवालिका | छोरी सङ्ख्या | छोरा सङ्ख्या | जम्मा सङ्ख्या |
|---|---|---|---|
| सरकारी विद्यालय गइरहेका | २ | ६ | ८ |
| निजी विद्यालय गइरहेका | १२ | १७ | २९ |
| विद्यालय विचैमा छाडेको | ३ | - | ३ |
| जम्मा | १७ | २३ | ४० |

स्रोत स्थलगत अध्ययन २०७३

माथिको तालिका ५.१ अनुसार अध्ययन क्षेत्रका शैक्षिक गतिविधि सम्बन्धि धारणा छोराछारीलाई कस्तो प्रकारको शैक्षिक सङ्स्थामा पढाउने गरिएको छ भन्ने कुरालाई अध्ययनमा समावेश गरिएको छ । यस क्षेत्रका अभिभावकले आफ्ना छोराछोरीलाई सरकारी र निजी विद्यालयमा भर्ना गरेका आधारमानै अनुमान गर्न सकिन्छ कि उनीहरू बिचमा लैङ्गिक विभेद कस्तो छ भन्ने कुरा उनीहरू मध्ये १७ छोरालाई निजी विद्यालयमा पढाएका र मात्र १२ निजी विद्यालयमा छोरीले पढेको हुँदा लैङ्गिक विभेदको स्पस्ट उदाहरण यही पुस्टि हुन्छ । यस कारण अझैपनि छोरीको तुलनामा छोराहरू नै निजी

विद्यालयमा पढाइनुमा महिला भएकै कारण गुणस्तरिय शिक्षाबाट वञ्चित भएको अध्ययनबाट पाइएको छ ।

त्यस्तैगरी सरकारी विद्यालयमा छोराको तुलनामा छोरीको सङ्लग्नता बढी पाउनु निजी र सरकारी विद्यालयको शिक्षामा महिला र पुरुषको सङ्लग्नतामा पनि भिन्नता आउने वर्तमान नेपालको मुख्य समस्या भएको कुरा सानो क्षेत्रमा गरिएको यस अध्ययनले पनि प्रस्ट पारेको छ । किनभने कुमालहरूको परम्परागत पुरुषवादी नेपाली सामाजिक चिन्तन र सङ्स्कार एवं नीति निर्माण गर्ने निकायमा महिलाको पहुँच नपुऱ्याई पुरुष केन्द्रित नीति नियमका कारण आजको समयसम्म पनि महिलाले चाहे अनुसारको शिक्षामा सङ्लग्न हुने परिवेश नपाएर पनि छात्रछात्रामा विभेद भएको स्पस्ट देखिएको छ ।

### ५.१.३ साक्षरताको प्रमुख स्रोत

यस अनुसन्धान क्षेत्रका कुमालहरूको साक्षरताको प्रमुख स्रोतको रूपमा औपचारिक र अनौपचारिक गरी २ किसिमको शिक्षा प्रणाली पाइयो ।

**तालिका नं. ५.२**

**शैक्षिक सहभागिताको विवरण**

| क.सङ्. | शैक्षिक सहभागिताको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १४ | ३५ |
| २ | साक्षर | २६ | ६५ |
| | क. औपचारिक | १९ | ७३.०७ |
| | ख. अनौपचारिक | ७ | २६.९२ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिकाअनुसार शिक्षामा सङ्लग्न रहेका कुमालहरू मध्ये १९ जनाले औपचारिक शिक्षामा सङ्लग्न रहेका कुमाल जाति सङ्ख्याको ७३.०६ प्रतिशत स्थान ओगटेको छ । अचेल नयाँ पिढीका सबैले औपचारिक शिक्षा लिइरहेका छन् । जसको कारण औपचारिक शैक्षिक सङ्स्था गाउँमै हुनु, सरकारी, रोजगारीका लागि औपचारिक शिक्षा आवश्यक हुनु, औपचारिक शिक्षामा सङ्लग्न भए पनि घरको काम, खेतको काम गर्न बेलुका भ्याउनु, विद्यालय बिदाको दिन मजुरी गरेर आफ्नो आवश्यक खर्च धान्न सक्नु, विद्यालय तहसम्म औपचारिक शिक्षामा तहअनुसार मूल्याङ्कन हुनु, सोही अनुसारको प्रमाणपत्र पाइनु आदि कारणले यस समुदायमा शिक्षामा सङ्लग्न छन् । कुमाल जातिहरू अनौपचारिक शिक्षामा पनि त्यतिकै सहभागिता रहेको पाइन्छ । पुरानो पिढीका कुमालहरूले अनौपचारिक शिक्षामा बढी सङ्लग्नता भएको पाइन्छ ।

कुमाल जातिमा ७ जनाले अनौपचाकिर शिक्षा लिएको छन् जसको सङ्ख्या २६.९२% हुन आउन । त्यसैगरी अध्ययनले के देखाउँछ भने साक्षर सङ्ख्या २६ जना जसमा ६५ प्रतिशत रहेका छन् र निरक्षर १४ जना अर्थात् ३५ प्रतिशत रहेको पाइयो ।

जस्तै ४५ वर्षिय फुलमाया कुमालका अनुसारः उनको बुबा आमाको आर्थिक अवस्था कमजोर थियो । उनका बुवा अर्काको घरमा कमैया पेसामा सङ्लग्न थिए । आमाले पनि मालिकको घरमा काम गर्नुपर्ने र कृषि पेसामा श्रीमानलाई सघाउथिइन् । फुलमायाले सानो छँदा भाइवहिनीलाई हेर्ने भएकोले र ८ वर्षको हुँदा अर्काको घरमा काम गर्न बस्न बुवाले पठाउनु भएको वताउछिन । पटक पटक विद्यालय जाने इच्छा जाहेर गर्दा पनि बुवाले धनी र हुने खानेले पढ्छन् गरिवले कसरी पढ्ने । बिहान बेलुकाको गुजारा गर्ने भन्ने सोच भएर काममा लगाएका कारणले गर्दा पढाइवाट बञ्चित हुनु परेको कुरा बताइन् पछि प्रौढ शिक्षा पढेर भए पनि अलिकति साक्षर हुने मौका पाए भनिन् । अध्ययनमा कुमालहरूको कुराकानीबाट के प्रष्ट हुन्छ भने शिक्षा आर्जनसँग सामाजिक वर्गका पनि अन्तर सम्वन्ध हुन्छ भन्ने कुरा कुमालहरूबाट स्पष्ट धारणा बुझियो ।

त्यस्तै अचेल नयाँ पिढीको सबैले औपचारिक शिक्षा लिइरहेका छन् । त्यस मध्येकी १५ वर्षिय लक्ष्मी कुमालका अनुसार गाउमै शैक्षिक सङ्स्था भएको र रोजगारीका

लागि पनि औपचारिक शिक्षाको आवश्यकता हुने कुरा बताइन । आफू औपचारिक शिक्षामा सङ्लग्न भए पनि घरको काम, खेतको काम गर्न बेलुका भ्याउने, र छुट्टीको दिन मजदुरी गरेर आफ्नो आवश्यक खर्च निकाल्ने कुरा बताइन् । उनले विद्यालयतहसम्म औपचारिक शिक्षामा तह अनुसार मूल्याङ्कन हुने र सोही अनुसारको प्रमाणपत्र पाइने भएकोले आफू औपचारिक शिक्षामा सङ्लग्न भएको कुरा बताइन् ।

**तालिका ५.३**

**तहगत रूपमा हासिल गरेको शैक्षिक अवस्था**

| शिक्षाको तह | जम्मा सङ्ख्या | अध्ययन छाडेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| प्राथामिक | ४ | १ | ३.०० |
| नि.मा.वि. | ३ | - | ५४.०५ |
| मा .वि. | ४ | - | ६२.५ |
| एस.एल.सी | ३ | २ | ३६.३६ |
| उच्च शिक्षा | ५ | - | ४५ |
| अनौपचारिक | ७ | ३ | ५.२४ |
| | २६ | ६ | १०० |

स्रोत स्थलगत अध्ययन २०७३

तालिका ५.३ लाई विश्लेषण गरेर हेर्दा तहगत रूपमा हाल अध्ययनरत र विगतमा उक्त तहमा अध्ययन गरेर छोडेको विवरणलाई पनि समावेश गरी तहगत रूपमा पढाइ छाड्ने प्रतिशत हेर्दा (dropout) प्रथामिक तहमा ३ प्रतिशत र एस.एल.सी.मा ७.६९ ले आफ्नो अध्ययन गर्न छाडेको पत्ता लागेको छ । यस बाट के पूष्टि हुन्छ भने सबैभन्दा धेरै एस.एल.सी र प्रा.बि. को पढाई पछि पढ्न छाडेको पूष्टि भएको छ । भने समग्रमा उच्च शिक्षा हासिल गर्ने कुमालहरूको सङ्ख्या न्यून देखिन्छ । हाल ६ जना ले उच्च मा.बि.को अध्ययन गरिरहेको पाइयो । हालसम्म एस.एल.सी पास भए उच्च शिक्षा हासिल कूनै पनि कुमालहरूले सरकारी वा निजि जागिर खाएको देखिएन ।

### ५.१.४ विद्यालयको भर्नासम्वन्धी विवरण

यस अध्ययनमा समावेश गरियका ४० घरपरिवारवाट विभिन्न  सरकारी तथा केही विद्यार्थी निजी विद्यालयमा भर्ना गरिएका छन् । यस अध्ययन क्षेत्रको कुमाल बिद्यार्थीहरूले पढ्न प्रयोग गर्ने बिभिन्न बिद्यालयको भर्ना विवरणहरूको तथ्याङक हेर्दा शूरुका अवस्थामा विद्यालय भर्ना गरिने सङ्घ सस्था वढि देखियता पनि पछिल्ला वर्षहरू क्रमस कक्षा बढ्दै जाँदा संख्या घट्दै गएको देखिन्छ ।

### ५.१.५  शिक्षाप्रति कुमाल जातिको धारणा

कुमाल जातिमा शिक्षा सम्बन्धि धारणाका बारेमा बुझ्न खोज्दा छोरा-छोरी दुवैलाई समान रूपमा शिक्षा दिनुपर्छ भन्ने धारणा ८० प्रतिशत व्यक्तिबाट व्यक्त भएको पाइयो । नगन्य रूपमा मात्रै छोरीला ई भन्दा छोरालाई राम्रो शिक्षा दिनुपर्छ भन्ने भावना कुमाल समुदायमा रहेको पाइयो । अध्ययन क्षेत्रका कुमाल जातिहरूले हामी अरुको घरमा काम गरी  बस्नु पर्ने वाध्यताका कारण शिक्षा प्राप्त गर्न नसकेको र अवको नयाँ पिढीले अनिवार्य रूपमा सबैले शिक्षा प्राप्त गर्नु राम्रो कुरा हो भन्ने धारणा व्यक्त गरेका छन् ।

अनुसन्धानको कममा शिक्षा प्रतिको कुमाल समुदायको धारणा बुझ्नका निम्ति के तपाइको विचारमा पढ्नु आवश्यक छ ? भन्ने प्रश्न सोधिएको थियो । उक्त प्रश्नको उत्तर दिने कुमालहरूले पढ्न आवश्यक भएको बताएका छन् ।

महिलालाई शिक्षा दिनु आवश्यक छ भन्ने प्रश्नमा कुमाल जातिहरूले कुमालहरूले जागिर खान, आत्मनिर्भर बन्न, परिवार शिक्षित पार्न, ज्ञान आर्जन गर्न, आत्मविश्वास बढाउन, बच्चाको उज्वल भविष्यको निमित्त, हिसाव किताव राख्न सक्ने भर्ए कुनै पनि व्यवसाय गर्न सक्षम हुन कोहीबाट नठगिन जस्ता कारण दिएका थिए । धेरैजसोले आत्मनिर्भर बन्न र जागिर खान भन्ने कारण व्यक्त गरे । अनुसन्धानका क्रममा किन पढ्नु पर्छ ? भन्ने प्रश्न कुमाल जातिको सामु राखिएको थियो । जसका सम्बन्धमा कुमाल जातिहरूको धारणा निम्न छन् :

**तालिका नं. ५.४**

**शिक्षाप्रति परिवारको धारणा**

| क.सङ्. | पढ्नु पर्नाका कारणहरू | सङ्ख्या |
|---|---|---|
| १ | आत्मनिर्भर बन्न | १० |
| २ | जागिर खान | ७ |
| ३ | परिवार शिक्षित बनाउन | ५ |
| ४ | विवाह गर्न | - |
| ५ | देखासिकि | १६ |
| ६ | जान्ने बुझ्ने हुन | १ |
| ७ | आत्म विश्वास वढाउन (अन्य) | १ |
| | जम्मा | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १९ अनुसार १० जना कुमाल जातिले आत्मनिर्भर बन्नको निम्ति पढ्नै धारणा राखेका छन् भने ७ जना जागिर खानका लागि पढ्नुपर्ने धारणा राखेका छन् । त्यसै गरी ५ जना परिवार शिक्षित बनाउन पढ्नुपर्ने धारणा राखेका छन् । विवाह गर्नकै निमित्त मात्रै पढ्नुपर्ने धारणा कसैको पनि पाइएन । देखासीकीले १६ जना अर्थात् ४० प्रतिशत धारणा रहेका छन् भने आत्मविश्वास बढाउन पढ्नुपर्ने धारणा १/१ जना प्रतिशत कुमाल जातिले राखेका छन् ।

जस्तै २१ वर्षिय लहानी कुमालले कुमालहरूले आत्मनिर्भर बन्नका लागि पढ्नुपर्छ भने बताइन् । जसको कारणमा उनले महिलाले शिक्षा लिइन भने आत्मनिर्भर बन्ने अरुको भर पर्न नपर्ने र एउटी महिला शिक्षित भएको भने परिवारलाई नै शिक्षित पार्न सकिन्छ । केही काम निर्धकसँग गर्न र कोहीसँग आतमविश्वासका साथ व्यवहार गर्न महिलाले पढ्नु पर्छ भन्ने कुरा बताइन् ।

### ५.१.६ पढाइ छाड्नका कारण

कुनै पनि व्यक्तिको शिक्षालाई कस्तो गराउने भन्ने कुरा उक्त व्यत्ति रहेको समाजको वातावरणले पनि निर्धारण गर्दछ । समाजका व्यक्तिहरू परम्परागत मूल्य मानयतामा विश्वास गर्ने खालका छन् भने उनीहरूले आफ्नो समाजमा त्यही अनुसारको शिक्षाको विकास गर्ने गर्दछन् । यस अध्ययन क्षेत्रका कुमालहरूले विभिन्न कारणले गर्दा आफ्नो पढाइलाई निरन्तरता दिन सकेको देखिँदैन । जसको कारणलाई तालिका नं. १५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.५.५**

**पढाइ छोड्नाका कारण**

| कारण | सङ्ख्या |
|---|---|
| आर्थिक अवस्था कमजोर | १४ |
| विवाह भएर | ५ |
| असफल भएर | ४ |
| परिवारले नपढाएर | २ |
| विद्यालय टाढा भएर | १ |
| जम्मा | २६ |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार सबै भन्दा बढी पढाइ छाड्नुपर्ने मुख्य कारण आर्थिक अवस्था कमजोर भएका कारणले विचमा विद्यलय छाड्नेको सङ्ख्या १४ रहेको पाइयो । सानै उमेरमा विवाह गर्ने चलनले र विवाह पछाडि पढ्नु हुँदैन भन्ने सामाजिक मान्यताले गर्दा विचमा विद्यालय छाडेको पाइयो । त्यसै गरी पटकपटक फेल भएर पनि विचमै पढाइ छाडेको सङ्ख्या ४ जना पाइयो । त्यसैगरी परिवारले नपढाएका कारण विद्यालय छाड्नेका सङ्ख्या २ जना पाइयो भने विद्यालय टाढा भएको कारणले गर्दा १ जनाले विद्यालय विचैमा छाडेको पाइयो ।

अध्ययन क्षेत्रमा कुमालहरूले पढाइ छाड्ना पर्ने कारणहरू तल बिस्तृत रूपमा बर्णन गरिएको छ ।

**क) आर्थिक अवस्था कमजोर**

कुनै पनि उद्देश्य हासिल गर्नका लागि आर्थिक पक्षको ठूलो आवश्यकता रहेको हुन्छ । शिक्षा हासिल गर्नका लागि विद्यार्थीको बौद्धिक पक्षको साथसाथै आर्थिक पक्षको पनि महत्वपूर्ण भूमिका रहन्छ । आर्थिक अवस्था नभएसम्म पढाइलाई अगाडी बढाउन सकिन्दैन । अध्ययनको क्रममा एक जना उत्तरदातासँग गरिएको कुराकानीलाई यसरी प्रस्तुत गरिएको छ ।

१८ वर्षीय रिता कुमालले २०६७ सालमा एस.एल.सी. द्धितीय श्रेणीमा पास गरेको बताउछिन् । उनको बुवा आमा ज्याला मजदुरी गरेर घरव्यवहार चलाइरहेका छन् भनि बताउछिन् । उनको २ वटा दिदीहरूको सानै उमेरमा विवाह भएको बताउँछिन् । उनको भाइले २०७० सालमा द्धितीय श्रेणीमा एस.एल.सी. पास गरेको र अहिले कक्षा १२ मा अध्ययनरत रहेको बताइन् । बुवा आमाको मासिक कमाइले भाइ आफ्नो र बहिनीहरूको फिस तिर्न घर व्यवहार चलाउन कठिन पर्न गएकोले मैले आफ्नो पढाइलाई निरन्तरता दिन सकिन" त्यसैले पढाइ छाडेको भनेर बताइन् ।

यस अध्ययनलाई हेर्दा छोरीलाई पढाउन भन्दा छोरालाई पढाउनमा अग्रसर भएको पाइयो । छोरीलाई शिक्षामा छोराको भन्दा कम महत्व दिएको हुन सक्छ । छोरा र छोरी विचको लैंगिक विभेदले गर्दा पनि यस्तो भएको हुनसक्छ । परिवारमा आर्थिक तत्वको कारणले पनि छोरा छोरीको शिक्षाको लैंगिक विभेद गर्न उल्लेख्य भूमिका खेलेको हुन्छ ।

**ख) पढाइमा असफलता**

आफ्नो पढाइलाई निरन्तरता दिन नसकेका कुमालहरूसँग अध्ययनका क्रममा अनुसन्धानकर्ताले उत्तरदातालाई किन पढाइ छोड्नु भएको भन्दा बारम्बार परीक्षामा फेल भएको कुरालाई बताए । उनीहरू मध्ये एक जनासँग गरिएको व्यक्तिगत कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ ।

२० वर्षीय दिपक कुमालले २०७० सालमा टेष्ट पास गरेको बताए । त्यसपछि ३ पटकसम्म एस.एल.सी. पनि दिएको तर पनि ३ पटकसम्म फेल हुँदा आफूसँग पढेका साथीहरू उच्च शिक्षा हासिल गरिसक्दा पनि उनि एस.एल.सी. दिएर नै बसे । तिन पटक सम्म पनि एस.एल.सि दिदा पनि सफल नहुदा उनीलाई पनि लाज लागेर आयो र घरमा अभिभावकले पनि गाली गर्दा पढाइ छाडेको बताए् । स्कुलमा जे पढ्यो त्यसैको आधारमा परीक्षा दिनुपथ्र्यो । घरमा आफूलाई कहिल्यै पढ्ने समय नभएको बताए् । घरमा बुवा आमालाई घरायसी काममा सघाइ रहनुपर्छ । त्यसैले खाली समय कति पनि नहुने र जसका कारण घरमा एकछिन पनि पढ्न लेख्न नपाउने यर्थाथता बताए ।

माथि गरिएको कुराकानीबाट अध्ययन क्षेत्रका कुमालहरूको घरमा पढ्नको लागि समय नहुने र घरमा सबै खाले घरायसी कामहरू, खेतीपाती, माछा मार्नुपर्ने हुन्छ । उनीहरू स्कुलको भरमा मात्र परीक्षा दिने भएकोले परिक्षामा असफल हुन पुग्छन् । चेतनाको कमिले गर्दा अभिभावकहरूले फेल भए पनि उनिहरूलाई पढ्नुपर्छ भन्ने हौसला नदिएर उल्टै गाली गरी निरुत्साहित गरेका कारणले पढाइ छाडेको पाइयो ।

**ग) विवाहका कारण**

विवाह एक सामाजिक प्रकृया हो अध्यन क्षेत्रमा व्यक्तिको शिक्षामा कस्तो पँहुच रहेको छ भन्ने कुरालाई उसको वैवाहिक स्थितिमा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा भुमिका खेलेको हुन्छ । अध्ययन क्षेत्रका कुमालहरूले छिटो विवाह भएका कारण पढाइ छोड्नुपर्ने कारण व्यक्त गरेको पाइन्छ ।

**घ) परिवारका कारण**

कुमालहरू शिक्षामा वन्चित हुनुको कारण परम्परागत सामाजिक सांस्कृतिक कारण पनि रहेको पाइयो । परम्परागत सोचका कारण समाजमा रहेका मानिसहरूले पुख्यौली काम गरे पो पैसा कमाइन्छ पढेर के काम पढेपछि जागिर पाइने हो होइन के थाहा र ? त्यसैले सामान्य अक्षर चिने भै हाल्छ नि हरहिसाव गर्न जाने मात्र पुग्दछ भनी कुमाल छोराहरूलाई विचैमा कक्षा छाड्न लगाने र छोरी विहे गरेर अर्काको घरमा जाने

जात हो जति पढे पनि अर्काको घरमा जानु पर्ने हुनाले छोरीले पढ्न पर्दैन अक्षर सम्म चिन्दा हुन्छ भन्ने धारणाले परिवारले नपढाएको अध्ययन क्षेत्रका क्रममा पाइयो ।

### ५ १.७ शिक्षामा समान अवसर र सुविधा दिने नदिनेको विवरण

कुनै पनि समुदाय समाजमा रहेका हरेक मानिसहरूलाई अवसर र सुविधा एउटै हुनुपर्छ । अध्ययन क्षेत्रका कुमाल जातिहरूलाई अवसर र सुविधा कस्तो पाइरहेका छन् त भन्ने कुरा तलका तालिकाबाट प्रस्ट परिएको छ अवसर र सुविधा कस्तो पाइरहेका छन् त भन्ने कुरा तालिकाबाट प्रस्ट परिएको छ ।

**तालिका नं. ५.६**

**शिक्षामा समान अवसरका आधारमा कुमाल जातिको विवरण**

| सूचक | अवसर |
|---|---|
| अवसर पाएका छौं | ३६ |
| महिलालाई बढी | - |
| पुरुषलाई बढी | ४ |
| जम्मा | ४० |

स्रोत: स्थलगत अध्ययन, २०७३

माथिका तालिका नं २१ अनुसार ३६ कुमालहरूले महिला र पुरुषलाई समान अवसर र दिनुपर्ने धारणा राखेका छन् । जसलाई सकारात्मक मान्नु पर्दछ । ४ जना कुमालहरूले पुरुषलाई अवसर र सुविधा बढिदिनु पर्ने धारणा राखेका छन् । बराबर हुनुपर्छ भन्ने ३६ जना कुमालहरू अहिलेको समयमा छोराछोरीलाई विभेद गर्नु हुँदैन । छोरा र छोरीमा केही फरक छैन, छोराछोरी बरावर हो, त्यसैले उनीहरूलाई समान अवसर र सुविधा पाउनुपर्छ भन्ने धारणा राखेका छन् । पुरुषलाई बढी अवसर र सुविधा दिनुपर्छ भन्ने कुमालहरूले छोरी विवाह गरेर अर्काको घरमा जाने र छोराले आमाबावुलाई पाल्ने हुँदा छोरालाई नै बढी अवसर र सुविधा दिनु पर्दछ भन्ने धारणा राखेको अध्ययन क्षेत्रको कुमालहरूबाट पाइयो ।

### ५.१.८ वैवाहिक अवस्था र शिक्षण सहभागिता

कुमाल जातिमध्ये कतिको अध्ययनको क्रममा विवाह भएर नै अध्ययन छोड्न पनि पुगेको छ भने कोहि महिला त सानो उमेरमा नै विवाह भएर नै अध्ययनमा समेत सङ्लग्न हुन सकेका छैनन् विवाहले शिक्षामा के कति प्रभाव पारेको छ वा छैन भन्ने सम्बन्धमा निम्न तालिकाबाट प्रस्ट परिएको छ ।

**तालिका नं.५.७**

**वैवाहिक कुमाल जातिको शिक्षामा सहभागिता**

| वैवाहिक स्थिति | विवाहित सख्या | शिक्षामा सहभागिता |
|---|---|---|
| विवाहित | १९ | ४ |
| अविवाहित | १३ | १० |
| | २६ | १४ |

स्रोतः स्थलगत अध्ययन २०७३

माथिको तालिका नं ५.६ अनुसार १९ विवाहित कुमालमा जम्मा ४ जना मात्र शिक्षालाई निरन्तर दिएको पाइयो भने अविवाहित १३ जना कुमालहरूमा १० जनाले अध्ययनलाई निरन्तरता दिएका र बाँकी ३ जनाले विभिन्न कारणले गर्दा बिचैमा विद्यलाय छोढ्नु परेका अध्ययनमा जानकारी हुन आएको छ ।

विवाहले  शिक्षाको निरक्षरतामा ठुलो अवरोध खडा गरेको छ । विवाह पछाडि पछि घरको काम, खेतीको काम गर्नु पर्ने वाध्यता बालबच्चा जन्माउने हुर्काउनु पर्ने आदि कारण अविवाहित कुमाल अध्ययनरत रहेका भए पनि विबाहित चाँहि छैनन् ।

### ५.१.९ विवाहित विद्यार्थीको शिक्षाप्रति धारणा

विवाह सामाजिक प्रकृया हो । समाज सञ्चालन गर्नका लागि विवाह महत्वपूर्ण पक्ष हो । वैवाहिक सम्बन्ध र शिक्षा आजको परिवर्तित समाजमा एकअर्कामा जोडिएको

भए पनि अझै पनि हाम्रो समाजमा विवाह पछाडि पढाउनु पर्ने धारणामा भने सङ्कुचित नै रहेको पाइन्छ । विवाहपछि पढाइलाई निरन्तरता दिनु पर्छ वा पर्दैन भन्ने सवालमा कुमाल जातिहरूको अवधारणा बुझिएको थियो । जसको विवरण निम्न तालिका अनुसार देखाइएको छ ।

**तालिका नं.५.८**

**विवाहित विद्यार्थीको शिक्षाप्रति धारणा**

| क.सङ्. | विवाह पछाडि पढ्नुपर्ने/नपर्ने | सङ्ख्या |
|---|---|---|
| १ | अध्ययनलाई निरन्तरता दिनु पर्छ | २५ |
| २ | अध्ययनलाई निरन्तरता दिनु पर्दैन | १५ |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन २०७३

माथिको तालिका नं. ५.७ अनुसार २५ कुमाल जातिहरूले विवाह पछाडि पनि अध्ययनलाई निरन्तरता दिनुपर्दैन भन्ने १५ जनाले विवाह पछाडि अध्ययनमा निरन्तरता दिनुपर्ने धारणा राखेको पाइयो ।

विवाह पछाडि किन पढाइलाई निरन्तरता दिनुपर्दछ भन्ने सवालमा परिवार शिक्षित पार्न थालेको पढाई पुरा गर्न, सक्षम घर व्यवहार गर्न जान्ने हुन, रोजगारी गर्न, बालबच्चाको उचित हेरचाह र शिक्षा प्रदान गर्न आदी जस्ता तर्कहरू अध्ययन क्षेत्रका कुमालहरूले राखेका छन् ।

त्यसैगरी विवाहित  शिक्षा प्रति सबै कुमाल जाति सकारात्मक छैनन् । विवाहित महिलाको शिक्षाको पक्षमा धारणा राख्ने कुमालहरूको परिवारमा समेत उनीहरूको उत्तर अनुसारको व्यवहार रहेको छैन । विवाहित कुमालहरू शिक्षाको पक्षमा रहेपनि उनीहरू स्वयं विवाहित महिलालाई शिक्षामा सहभागि गराउन नहुने सामाजिक धारणाको सिकार भएका छन् । यसरी कुमालप्रतिको समाजको गलत मान्यताकै कारण पनि शिक्षाको तह

बढ्दै जाँदा गलत मान्यताको कारण शिक्षामा कुमाल सहभागिता घट्दै गएको समेत अध्ययन क्षेत्रमा पाइयो ।

### ५.१.१० उमेरअनुसार शिक्षाप्रतिको धारणा

अनुसन्धान क्षेत्रका कुमालहरूमा शिक्षाप्रतिको बुझाइ फरक -फरक रहेको पाइयो । उक्त अध्ययन क्षेत्रमा पनि छोरा र छोरीविच अझै पनि शैक्षिक क्षेत्रमा भेदभाव गर्ने गरेको पाइयो । अनुसन्धानका क्रममा घरधुरी सर्बेक्षणमा एउटै घरका छोराछोरीमा पनि विद्यालय शिक्षामा पनि भेदभाव गरेको पाइयो । जस्तै छोरालाई निजि विद्यालयमा पढ्न पठाएको छोरीलाई सरकारी विद्यालयमा पढाएको अध्ययनको क्रममा अवलोकनबाट यहाँ पाइयो ।

शिक्षित व्यक्तिले पढाइलाई मान्यता दिएको पाइयो भने अशिक्षित व्यक्तिले परम्परागत धारणा अर्थात् पढाइलाई महत्व नदिएको पाइयो । उक्त कुरालाई तलको तालिकाबाट प्रष्ट देखाइएको छ :

**तालिका नं. ५.९**

**उमेरअनुसार शिक्षाप्रतिको धारणाको**

| उमेर समूह | शिक्षित | सङ्ख्या | अशिक्षित | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| युवायुवती | चाहिन्छ | १३ | चाहिदैन | २ | १५ |
| बुढापाका | चाहिन्छ | २५ | चाहिदैन | | २५ |
| जम्मा | | | | | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३

अध्ययन क्षेत्रमा शिक्षित र अशिक्षित व्यक्ति उमेर अनुसार शिक्षाप्रतिको बुझाइ फरक फरक रहेको पाइयो । निरक्षर र वृद्ध मध्ये परम्परागत धारणा राखेका छन् । बर्तमान विश्व परिवेशमा अध्ययन क्षेत्रका युवायुवती र उत्तरदाताले परिवारलाई शिक्षित बनाउनु पर्छ भन्ने सकारात्मक धारणा रहेको कुरा अध्ययनबाट पाइयो ।

६० वर्षिया टेकबहादुर कुमाल परिवारमा मुख्य अभिभावकको भूमिका रहेको छन् उनका छ जना छोराछोरी छन् । उनलाई अभिभावकले नपढाएकोमा कुनै गुनासो छैन आफ्नो जीवन जसोतसो विताइसके । जति पढे पनि अर्काको घरमा काम गर्नु पर्छ । अक्षरसम्म चिन्दा हुन्छ भन्ने उनको धारणा पाइयो ।

कुनै पनि व्यक्तिको बुझाइ र विचारलाई प्रभाव पार्न मुख्य तत्व भनेको शिक्षा हो । वास्तवमा उमेरको आधारमा पनि शिक्षाप्रतिको बुझाइ फरक हुने कुरामाथि प्रस्तुत गरिएको कुमालको कुराकानीबाट स्पष्ट रूपमा देख्न सकिन्छ ।

### ५.१.११ कुमाल समुदायमा शिक्षालाई हेर्ने दृष्टिकोणा

अघिल्लो पुस्ताका मानिसहरूको शिक्षालाई अनिवार्य पक्षका रूपमा लिएका थिएनन् उनीहरूमा पढ्नुपर्छ भन्ने ज्ञान थिएन । धेरैजसो अध्ययनमा सङ्लग्न भएका छैनन् भने थोरै मात्रामा अध्ययनमा सङ्लग्न भएता पनि अध्ययन पूरा नै नगरी बीचमा नै अध्ययन छोडेका छन् । जसको मुख्य कारण के-के हुन् भनी अध्ययन क्षेत्रका महिलालाई कुरा गर्दा १ जनासँग गरिएको कुराकानीलाई यसरी प्रस्तुत गरिएको छ ।

४५ वर्षिय हंशा कुमालका अनुसार उनको बुवा आमाको आर्थिक अवस्था कमजोर थियो । हाम्रो समयमा कम्लहरी प्रथा भएकोले मालिकको घरमा काम गर्नुपर्थ्यो, बुवाआमाले पढाइको महत्व नबुझ्नु र आफूलाई पनि पढ्नुपर्छ भन्ने थाहा नभएको बताइन् । उनले आफू काम गर्न बसेको पाहाडीका छोराछोरी स्कुल पढेर शिक्षित भएर जागिर खान सक्ने भएको देखेर पढेलेखेको मानछेलाई कसैले ठग्न सक्दैन् । पढेलेखेको मान्छे बाठो हुँदो रहेछ अनि जुनसुकै ठाउँमा गएर पनि काम गरेर खान सकिदो रहेछ भन्ने थाहा भएको बताइन् त्यही धारणाले गर्दा आफू पढ्न नपाए पनि आफू पछीको पिढीले पढ्नु पर्ने धारणा व्यक्त गरिन् ।

अध्ययन क्षेत्रका अघिल्लो पुस्ताका मानिसले पहिला शिक्षाको महत्व नवुझे पनि अहिले आएर शिक्षाको महत्व बुझ्न थालेका छन् जुन कुरा कुमाल समुदायमा शिक्षामा सङ्लग्नता बढेकोबाट पनि प्रष्ट हुन्छ । अहिले उनीहरू शिक्षालाई अनिवार्य पक्षका रूपमा लिन थालेकोले खर्चले भ्यााएसम्म छोराछोरीलाई पढाउने धारणा व्यक्त गरे । उनीहरूको

शिक्षाप्रति सकारात्मक दृष्टिकोण छ । तर, विवाहित  शिक्षाप्रति यहाँको अघिल्लो पुस्ताका मानिसहरू त्यति सकारात्मक पाइएन । विवाह भएसकेपछी कुमालहरूले घरमा काम गर्नुपर्ने, छोराछोरीको हेरचाह गर्नु पर्ने, खेतको कामगर्नु पर्ने दृष्टिकोण व्यक्त गरेका थिए ।

अहिलेको पुस्ताले शिक्षालाई अत्यन्तै महत्वपूर्ण पक्षका रूपमा लिएका छन् । आफ्नो अघिल्लो पुस्ताहरू निरक्षर भएर नै हामी कुमाल समुदायका सरकारी गैरसरहारी कार्यलयको उच्च तहसम्म पुग्न सकेका छैनन् । अव हामीले पढेर कुमाल जातिको शैक्षिक अवस्था  सुधार्नुपर्छ, शिक्षा विना मानिसको जिवन अपुरो हुन्छ । बदलिदो सङ्सारलाई बुझ्न, आत्मनिर्भर भए वाच्न आत्मविश्वास बढाउन, परिवारलाई शिक्षित पार्न, आफ्नो परिवारको शैक्षिक स्तर सुधार्न, समाजमा सम्मानपूर्वक जीवन यापन गर्न देशको विकास गर्न पढ्नुपर्छ भन्ने दुष्टिकोण व्यक्त गरे । शिक्षामा समान अवसर र सुविधा पाउनुपर्छ साथै आफ्नो इच्छाअनुसार अध्ययनलाई निरन्तरता दिन पाउनु पर्छ भन्ने शिक्षाप्रति सकारात्मक दृष्टिकोण पाइयो ।

### ५.१.१२ शैक्षिक अवस्था कमजोर रहनुका कारण

यस अध्ययन क्षेत्रमा रहेका समग्र कुमाल जातिको शैक्षिक अवस्था कमजोर रहनुमा निम्न कारणहरू विद्यमान रहेको यो अध्ययनबाट देख्न सकिन्छ ।

- शैक्षिक चेतनाको कमी
- उत्पादनको लागि आफ्नो निजि जग्गा नहूनाले  सबै उपभोग्य सामानको खरीद गर्नू पर्नाले आम्दानीको को वचत गर्न नसक्नु ।
- अघिल्लो पूस्ता पूर्ण रूपमा निरक्षर हूनु ।
- विद्यालय जानुपर्ने वच्चा वच्ची काम गर्न सक्ने भएपछि पेसागत काम जाल थाप्ने माछा मार्ने काम मा जानु पर्ने वाध्यता ।
- सानो उमेरमा बिवाह गर्ने चलन ।
- पेसामा अधिक समय खर्चनु पर्ने बाध्यता ।
- अभिभावक काममा जाने हुनाले घर तथा भाइबहिनि हेरेर वस्नु पर्ने वाध्यता

### ५.१.१३ शिक्षामा असर पार्ने तत्व

यस अध्ययन क्षेत्रका कुमाल जातिहरूको शिक्षामा असर पार्ने कारणहरू खोज्दा मुख्य विषय आर्थिक कारण नै मान्नु पर्दछ । यस क्षेत्रका अधिंकांश कुमालहरू गरिविका रेखामुनि रहेका कारण उनीहरू दैनिक कार्य गर्न वाध्य छन् । जस्तैः खोलामा माछा मार्न जानु पर्ने, दैनिक ज्यालादारी गर्नुपर्ने, अरुको जग्गा जमिन अधियामा काम गर्नुपर्ने जस्ता कारणले गर्दा यस जातिको शिक्षामा असर परेको पाइन्छ । अन्य कारणहरूमा छिटो विवाह हुनु र महिलाहरूले विवाह पनि शिक्षालाई निरन्तरता दिन नसक्नु रहेको पाइयो ।

# अध्याय छ
# सारांश र निष्कर्ष

## ६.१. सारांश

अध्ययन क्षेत्र तुराङ्ग गा.वि.स. वडा नं. ७ को कुल १३० घरधुरीमध्ये धेरै कुमाल जातिको बसोबास रहेको छ । त्यसैले यस क्षेत्रलाई अध्ययनको पृष्ठभूमि वनाइएको छ । नेपाल एक बहुजातीय, बहुभाषिक र बहुधार्मिक विशेषता युक्त देश हो । कुनैप नि समाजको जातिगत सङ्रचनाले त्यस ठाउँको क्रियाकलाप र नेतृत्वलाई प्रभा पार्ने गर्दछ ।

कुमाल जाति नेपालमा बस्दै आइ रहेका पिछडिएका आदिवासी हुन् । कडा परिश्रम गर्ने मिहिनेती, मिलनसार यी कुमाल जातिहरू परम्परा देखि नै माटाका भाँडाहरू बनाई गाउँ घर एवं नजिक पर्ने बजार क्षेत्रमा बेची आफ्नो जीविका निर्वाह गर्दै आईरहेका छन् ।

नेपाल सरकार, शिक्षा मन्त्रालय "सबैका लागि शिक्षा", "जीवनपर्यन्त शिक्षा" जस्ता नारालाई वास्तविकतामा परिवर्तन गर्न र गुणात्मक वृद्धि गर्दै लैजाने उद्देश्यले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण १९९९-२००४) लागू गरेका थियो । यसले आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथमका उपलब्धीको समीक्षा गरेर आगामी कार्यक्रमहरूलाई ४० जिल्लाबाट बढाई ७५ वटै जिल्लामा पुऱ्याउने लक्ष्य अनुसार क्रमशः पहिला वर्ष ४८ जिल्ला, दोस्रो वष १२ जिल्ला र तेस्रो वष बाँकी १५ जिल्लामा यो कार्यक्रम सङ्चालन गरिएको छ ।

नेपालका दलित, जनजातिहरू को -को हुन् र तिनीहरूको सामाजिक र आर्थिक अवस्था केकस्तो छ भन्ने सम्बन्धमा केही विद्वान्हरूले दिएको विशेषतालाई केलाउदा दलित जनजातिहरू भनेको आदिवासी नै हुन् भन्न सकिन्छ । यस्ता जनजातिको विशेषताबारे अध्ययन गर्दा के देखिन्छ भने सामुदायिक जीवन पद्धति वा आफ्नै समुदाय भित्रको नातागोता र विहेबारीको आधारमा बनेको र छुट्टै भाषा, सङ्स्कृति, धर्म भएको समाजलाई जनजातिय समाज भनिएको छ । जातिय चरित्र जस्तो भए तापनि कतिपय दलित जनजातिहरूमा गतिशीलता पाइन्छ । कतिपय जातिहरूमा ब्राह्मण, क्षेत्री, खस, ठकुरीको प्रभाव परी आफ्नो मूल सङ्स्कृतिलाई विस्तारै छोड्दै गएको पाइन्छ ।

अध्ययन क्षेत्रका कुमालहरू शिक्षाको अवसरबाट वन्चित नै रहेको पाइयो । समयको परिवर्तन सङ्गै आफ्नो छोरिहरूलाई विद्यालय पठाउनुपर्छ भन्ने चेतना आएको पाइयो । अशिक्षित र चेतनाको कमिले छोरीहरूलाई सानै उमेरमा विवाह गरिदिने भएकाले छोरीहरूले उच्च शिक्षा हाँसिल गर्नेको सङ्ख्या कम नै पाइयो । चेतना र अशिक्षाको कारणले गर्दा परम्परागत धारणालाई यथावत नै कायम राखेको पाइयो । अविवाहित महिलामा शिक्षाप्रतिको त्यहाँको समुदाय सकारात्मक छ तर विवाहित महिलामा शिक्षा प्रति त्यति सकारात्मक देखिदैन । कतिपय परिवारमा छोराछोरीलाई भेदभाव गरिएको पाइयो । जस्तै छोराहरूलाई वोडिङ्ग स्कुल, छोरीलाई सरकारी स्कुलमा पढाएको, घरायसी काममा छोरीलाई मात्र लगाईएको पाइयो । शिक्षाको कमिले आयमुलक काममा नलागेर बढी कुमाल युवाहरू कृषि, ज्याला मजदुरी पेसामा नै सङ्लग्न रहेको पाइयो । अघिल्लो पुस्तामा शिक्षाको महत्व नबुझि नकारात्मक दृष्टिकोण राखेको पाइयो भने पछिल्लो पुस्तामा शिक्षाप्रति पुर्ण सकारात्मक दृष्टिकोण रहेको पाइयो ।

कुमाल जातिहरूले अध्ययनलाई निरन्तरता दिन नसक्नुको कारणहरू धेरै कमजोर आर्थिक अवस्था, अर्काको घरमा काम गर्नुपर्ने वाध्यता, सानै उमेरमा विवाह, कक्षामा वारम्वार असफल भएका कारण, स्कुल टाढा भएका कारण आदिले गर्दा हुन सक्ने उत्तरदाता कुमालबाट प्रस्ट रूपमा पाइयो ।

## ६.२ निष्कर्ष

वर्तमान बदलिने युगमा शिक्षाको महत्व बढ्दै गइरहेको छ । अध्ययन क्षेत्रमा पनि अभिभावक, छोराछोरीमा शैक्षिक चेतनाको वृद्धि भएको छ भन्न सकिन्छ । यहाँको समग्र शैक्षिक अवस्था सन्तोषजनक नै छ । तर शिक्षाको तह बढ्दै जाँदा विद्यालयमा सहभागिता घट्दै गएको देखिन्छ । अझ एस.एल.सी माथिको शिक्षामा एक्कासि गिरावट आउनुले भने शैक्षिक अवस्था कमजोर नै रहेको प्रमाणित गर्दछ । यहाँका प्रौढ कुमालहरू प्राय निरक्षर छन् । वर्तमानमा वालिकाहरूको विद्यालयमा सहभागिता बढ्दै गएको र अभिभावकहरू पनि केही सकारात्मक देखिएका छन् । यहाँ शिक्षामा छोरी र बुहारीलाई समान अवसर नदिनाले विवाहितहरूको तुलनामा अविवाहित कै शैक्षिक अवस्था राम्रो छ । यहाँको समाजमा बुहारीको शिक्षालाई महत्व नदिने कारणले गर्दा जतिसुकै प्रतिभाशाली

भए पनि विवाह पश्चात बीचैमा अध्ययन छोड्न कुमालहरू बाध्य छन् । यहाँ प्रायः सम्पूर्ण अविवाहित औपचारिक शिक्षामा सङ्लग्न छन् ।

यहाँको समाजमा उच्च शिक्षामा कम संलग्नता रहेको देखिन्छ । जसको कारणमा महिलाको चाँडो उमेरमा नै विवाह गरिदिने प्रचलन हुँदा अध्ययनलाई निरन्तरता दिन पाउँदैनन् । घरको, खेतिपातीको काममा सघाउनु पर्ने भएकाले अध्ययनमा ध्यान दिन नपाँउदा परीक्षामा बारम्बार असफल हुन पुग्छन् र असफल भएका अभिभावकहरू द्वारा उनीलाई दुरुत्साहन गरिन्छ । उच्च शिक्षा महँगो हुनाले आर्थिक विपन्न भएकाको पहुँच नपुग्दा उच्च शिक्षामा कम सम्लग्न छन् । गरिबीको कारण चाँडै कामको खोजीको लागि हाल्नुपर्ने बाध्यताले उच्च शिक्षामा सङ्लग्नता कम छ ।

बदलिँदो समय र परिस्थितिले गद ा शिक्षाको महत्व पनि बढ्दै गैरहेको छ । अध्ययन क्षेत्रमा पनि अभिभावक, छोराछोरीमा शैक्षिक चेतनाको वृद्धि भएको छ भन्न सकिन्छ । अध्ययन क्षेत्रको शैक्षिक अवस्था सन्तोषजनक रहेतापनि कुमालहरूको शिक्षाको तह बढ्दै जाँदा विद्यालयमा सहभागिता घट्दै गएको देखिन्छ ।

# परिशिष्टहरू

## कुमाल जातिका शैक्षिक स्थितिका लागि तयार गरिएका घरधुरी सर्वेक्षण प्रश्नावली, २०७३

### परिशिष्ट-१

### घरधुरी सर्वेक्षण (उत्तरदाताको बिवरण)

१. नाम : पुरुष : महिला :

जाति : धर्म : शिक्षा :

वडा नं. :

परिवारको सदस्यको बिबरण

| सदस्यको नाम | उत्तरदातासँगको सम्बन्ध | लिङ्ग | उमेर | बैवाहिक सम्बन्ध | पेसा | शिक्षा | बसोबासको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२. तपाइको परिवारमा सङ्खया कति छ ?

.............................................................................

३. तपाईको परिवारमा उमेरगत सदस्य कति छन् ?

.............................................................................

| उमेर समूह | पुरुष | महिला | बिबाहित | अबिबाहित | विधवा | विधर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

४. तपाईको परिवारमा खर्च विवरण (प्रतिशतमा)

(क) शिक्षा (ख) स्वास्थ्य (ग) खाद्यान्न (घ) अन्य

५. तपाईको परिवारमा मासिक आम्दानी कति छ ?

.............................................................................

६. तपाईको आफ्नो उत्पादनले वर्ष भरि खान पुग्छ ?

.............................................................................

७. दश वर्षयता तपाईको परिवारको कोहि सदस्य बैदेशिक रोजगारमा जानुभएको छ ?

(क) छैन (ख) छ

८. तपाईको परिवारमा रोजगारीमा कोहि हुनुहुन्छ ?

.............................................................................

९. (भएमा) के मा हुनुहुन्छ ?

.............................................................................

१०. तपाईको परिवारको स्वामित्वमा रहेको जमिन कति छ ?

क) आना ख) रोपनी ग) विघा

## परिशिष्ट-२

## अन्तर्वार्ताको प्रश्नावली बिबरण

१) तपाईको गाउँमा कस्ता प्रकारका शैक्षिक सङ्स्थाहरू छन् ?

.......................................................................................................

२) तिनमा अध्ययन गर्ने छात्राको सङ्ख्या कति छ ?

.......................................................................................................

...

३) हाल विद्यालय जाने कुमालहरूको सङ्ख्या बढाउन के उपाय अपनाईएका छन् ?

.......................................................................................................

४) तपाई लेख्न पढ्न जान्नु हुन्छ ?

.......................................................................................................

५) (यदि नजाने भए) तपाईको पढाई कति छ ?

.......................................................................................................

६) (यदि नजाने भए) तपाईको गाउँमा स्कुल थिएनन् ?

.......................................................................................................

७) (थिए भने) तपाई स्कुल किन जानु भएन् ?

.......................................................................................................

८) (गएको भए) कति सम्म पढ्नु भऐो ?

.......................................................................................................

९) त्यस पछि किन पढ्नु भएन ?

.......................................................................................................

१४) कुमाल जातिहरूको न्यून शिक्षामा न्यूत सहभागिताको कारण के हुनसक्छ ?

.......................................................................................................

१५) शिक्षित र अशिक्षित कुमाल जातिहरू बिचमा कस्तो भिन्नता छ ?

.......................................................................................................

१६) सरकारी छात्रवृत्ति प्राप्त गर्नु भएको भए पढ्नु हुन्थ्यो ?

.......................................................................................................

१७) विद्यालयमा विद्यार्थी उपस्थिति वृद्धि गर्न के गर्नुपर्ला ?

..........................................................................................................

१८) यस स्थानमा विद्यालय सहभागिताको स्थिति कस्तो छ ?

..........................................................................................................

१९) अबसर पाए पढ्नु हुन्थ्यो ?

..........................................................................................................

## सर्न्दभ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०४६) *विकासको निम्ति शिक्षा,* काठमाडौ : शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

अधिकारी, निलमशेखर (२०५७) नेपालमा जातिय आन्दोलन, श्री कृपासुर शेर्पा ।

के.सी. टंक (२०५९) *आदिवासी जनजाति सङ्स्कृतिको खोजमूलक सङ्ग्रह,* काठमाडौँ : पुरातत्व विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८) *जनसङ्ख्या विवरण,* काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

**गोरखापत्र** (२०७२) **व्यवस्थित गर्न नसकिएको बसोबास** प्रा.डा. भीमदेव भट्ट, लेख ।

दाहाल, पेशल (२०६७)*नेपालको इतिहास,* काठमाडौः एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

**नेपाल आदिवासी जनजाति विद्यार्थी महासङ्घ** (२०६६) शंकरदेव क्याम्पस इकाइ समिति, **आदिवासी सवाल** ।

भट्टचन, कृष्णबहादुर (२०५६) **नेपाली समाजमा लैङ्गिक विभेद**, धार्मिक परम्परा र सामाजिक सङ्रचनाको तुलनात्मक चर्चा ।

मेक्स वेवर (१९९९) Herbert Spence ले पूर्ण जीवनको तयारी (Complete Living )

राष्ट्रिय योजना आयोग (२०५५) *आदिवासी जनजाति सम्बन्धी नीति तथा योजनाहरू,* काठमाडौँ : राष्ट्रिय योजना आयोग ।

रिमाल, मदन कुमार (२०५६) *कुमाल जातिको अध्ययन,* काठमाडौं नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि. ।

रिजाल, अन्जु (२०६१ कु*माल जातिको शिक्षा र सामाजिक न्याय सर्लाही जिल्लाको हरिपूर्वा गा.वि.स. स्थिति हरिपूर्वा गाउँको अध्ययन*।

वाग्ले र कार्की (२०५७) *शिक्षाका आधार* विद्यार्थी पुस्तक भण्डार, काठमाडौ ।

विष्ट, डोरवहादुर (२०५६) *सबै जातको फूलबारी,* पुल्चोकः साभ्का प्रकाशन ।

सिङ्ह, शिवकुमार (२०६२) *मुसहर जातिको शैक्षिक अवस्था र आर्थिक सामाजिक अवस्था,* धनुषा जिल्लाको हरिपुर गा.वि.स. वडा नं. ५ को एक अध्ययन ।

शर्मा, लालप्रसाद (२०१२) *मुसहर जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था चितवन जिल्ला मेघौली गा.वि.स.का मुसहरहरूको एक अध्ययन* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, समाजशास्त्र शिक्षण विभाग, कीर्तिपुर ।

शिक्षा मन्त्रालय (२०६०) *आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमः कार्यान्वयन योजना,* नेपाल सरकार, केशरमहल, काठमाण्डौ ।

Aguust Comte (2010) *Modern Sociological Theory*. New Delhi: McGraw Hill, Company New Delhi.

Jary & Jary (2000) *Dictionary of Sociology*. London: Harper Collins Publishers.

Thapa, Kaji Ram (2002) *Socio-economics Factors Affecting the educational Stattus of Musahar Community,* A case study of Morang District of Nepal, Dissertation submitted to the Department of Sociology /Anthropology, Kirtipur, Nepal.

Save the Children Branch office Mohattari (2015) *Children and Traditional caste in* Mohattari district, Kathmandu, Nepal.